साहसिक पत्रकारिता

संघर्ष, स्वाभिमान र स्वावलम्बन

# सहारा टाइम्स

SAHARA TIMES NATIONAL FORTNIGHTLY

राष्ट्रिय पाक्षिक

www.saharatimes.com.np

● वर्ष १४, ● पूर्णाङ्क ३०६, ● अंक २२ ● २०८० साल साउन १६-३२ गते (1 Aug, 17 Agu, 2023) ● मूल्य रु. १०

## सिके राउतको साथ

# किन छाड्दैछन् नेताहरू ?



- जनमत पार्टीका अध्यक्ष डा.सिके राउतले आफ्नो एक जना मन्त्री र एक जना राज्यमन्त्रीलाई राजिनामा दिन लगाएर त्यस ठाउँमा पार्टीका महासचिव चन्दन सिंहलाई पठाउनु भएको छ।
- रमेश सिंह स्वयं गैर अवासीय मधेशी संघमा आवद्ध छन् तर जनमत पार्टीसँग कुनै सम्बन्ध राख्नु भएको छैन। उहाँ भन्नुहुन्छ, 'विदेशमा गैर अवसायीय मधेशी संघमार्फत हुने कुनै कुनै कार्यक्रमहरुमा आवद्ध हुने गर्छु तर जनमतसँग कुनै सम्बन्ध छैन।'
- रमेश जस्ता थुप्रै नेता कार्यकर्ताहरु छन् जो सिके राउतका लागि आफ्नो ज्यान दिन पनि तयार थिए तर आज उहाँको साथ छाडेका छन्। र अझै थुप्रै नेता कार्यकर्ताहरु साथ छाड्ने क्रममा छन्।
- जो जो सिके राउतको साथ छाडेका छन् ती सबै एक जुट हुन थालेका छन्। एक मधेश प्रदेश, समानुपातिक निर्वाचन प्रणाली, राज्यका हरेक निकायमा समानुपातिक प्रतिनिधित्व, सेनामा समूहिक प्रवेश, रोजगारी सृजनालगायतका एजेण्डा अगाडि बढ्ने गरि उहाँहरु तयारी थालेका छन्।

जनमत पार्टीमा पछिल्लो समय तीब्र असन्तुष्टि बढेको छ। जनमत पार्टी संसदीय राजनीतिमा आएपछि पार्टीभित्र अनेक असन्तुष्टिहरु बाहिर आएका छन्। पुराना नेताहरु कतिपय असन्तुष्ट भएर पार्टीको गतिविधिबाट अलग भएका छन् भने कतिपय पार्टी नै छाडेर हिडि सकेका छन्। असन्तुष्टिको पछिल्लो उदाहरण मधेश प्रदेशको सरकारलाई लिन सकिन्छ।

जनमत पार्टीका अध्यक्ष डा.सिके राउतले आफ्नो एक जना मन्त्री र एक जना राज्यमन्त्रीलाई राजिनामा दिन लगाएर त्यस ठाउँमा पार्टीका महासचिव चन्दन सिंहलाई पठाउनु भएको छ। शिक्षा मन्त्रीमा महेश यादव पहिलादेखि नै हुनुहुन्छ। जनमत पार्टीका एक जना केन्द्रीय सदस्यले भन्नुभयो, 'पार्टीमा योगदान गर्नेको कदर छैन त्यसको पछिल्लो उदाहरण मधेश प्रदेशमा मन्त्री हेरफेर हो।' योगदान र लगानीको कुरा गर्ने हो भने महेश यादव र चन्दन सिंहभन्दा वसन्त कुशवाहा र संजय यादवको कम योगदान छैन।

चन्दन सिंह र महेश यादव यी दुई जनाभन्दा धेरैपछि जनमत पार्टीसँग जोडिनु भएको हो। तर सिके राउतले पुराना नेता तथा कार्यकर्तालाई किनारा लगाउँदै नयाँ नयाँलाई ठाउँ दिएको कारण पार्टीमा असन्तुष्टि बढ्दै गएको हो। अष्ट्रेलियामा रहनु भएका सिरहाका रमेश सिंहले भन्नुभयो, 'मधेश गठबन्धनमा रहेर सिके राउतका साथमा काम गर्नुभएका अब थोरै नेता कार्यकर्ता उहाँसँग बाँकी रहनु भएको छ, हेर्दै जानु होला विस्तारै उहाँहरुले पनि छाडेर हिड्नु हुन्छ।'

स्वतन्त्र मधेश गठबन्धनमा रहेर विदेशमा रहेर सिके राउतलाई सहयोग गरिरहेका थुप्रै नेता तथा कार्यकर्ता उहाँबाट असन्तुष्ट भएर बसेका छन्। सिके राउतले विदेशमा गठन गर्नुभएको गैर अवसायीय मधेशी संघमा अवद्ध रहेका अधिकाँश नेता तथा कार्यकर्ताहरु जनमतमा आवद्ध छैनन्। सिके राउतले स्वतन्त्र मधेश गठबन्धन छाडेर जनमत पार्टी बनाएपछि गैर अवसायीय मधेशी संघमा आवद्ध थुप्रै नेताहरु अहिले रुष्ट छन्।

रमेश सिंह स्वयं गैर अवासीय मधेशी संघमा आवद्ध छन् तर जनमत पार्टीसँग कुनै सम्बन्ध राख्नु भएको छैन। उहाँ भन्नुहुन्छ, 'विदेशमा गैर अवसायीय मधेशी संघमार्फत हुने कुनै कुनै कार्यक्रमहरुमा आवद्ध हुने गर्छु तर जनमतसँग कुनै सम्बन्ध छैन।' अहिले पनि कोही स्वतन्त्र मधेश गठबन्धनलाई ब्युत्याएर अगाडि बढे भने उसलाई

बाँकी पृष्ठ ८ मा

## यस भित्र



नेपालमा मातृभाषाको अवस्था
● लेख, पृष्ठ ४



भाजपा र माओवादी केन्द्र परिवर्तनकारी शक्ति हो
● अन्तरवार्ता, पृष्ठ ५



भारत पुगेपछि यसरी फेरियो केट्रिनाको भाग्य
● मध्यपृष्ठ, पृष्ठ ६



मधेशका कथामा निकिता
● पृष्ठ ९



मधेशका लागि हतियार उठाउन बाध्य भएका द्वेशरण
● पृष्ठ १०

# अभिमत

## सम्पादकीय

# सरकार मिटरब्याजी पिडितहरूको पक्षमा

उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले मिटर ब्याज सम्बन्धि विधेयक दुबै सदनबाट पारित भई राष्ट्रपतिबाट प्रमाणीकरण भएपछि आज (साउन १२) बाट ऐन बनेको कुरा आफ्नो आधिकारिक फेसबुकबाट सार्वजनिक गर्नुभयो । राष्ट्रपति रामवरण यादवले 'मुलुकी संहितासम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०८०' लाई पारित गरेपछि गृहमन्त्री श्रेष्ठले खुशी हुँदै आफ्नो फेसबुकबाट सार्वजनिक गर्नले उहाँ यस ऐन ल्याउन कति मेहनत र संघर्ष गर्नुभएको छ त्यो छर्लङ भएको छ ।

मिटरब्याजी पिडितहरू आन्दोलन गर्दै काठमाडौँसम्म आएपछि गृहमन्त्री श्रेष्ठले नै सबभन्दा पहिले त्यसलाई रेसपोन्स गर्नुभएको थियो । आन्दोलनकारीसँग भेटेर नै माग पुरा हुने आश्वासन दिनुभएको थियो । कार्यदल गठन गरेर तत्कालै प्रकृयामा पनि जानुभयो । विधेयक बन्यो तर एमालेका कारण त्यो पास हुन सकेन त्यसमा सबभन्दा बढी चिन्तित गृहमन्त्री श्रेष्ठ हुनुभएको थियो । विधेयक पारित नहुँदा मिटरब्याजी पिडितहरू फेरि काठमाडौँ आएर आन्दोलन सुरू गर्नुभएको थियो । गृहमन्त्री श्रेष्ठ आन्दोलनस्थलमै गएर आन्दोलनकारीलाई भेटेर यो विधेयक जसरी पारित हुन्छ ढुक्क भएर घर फर्किनुस् भनि आश्वासन दिनुभएको थियो । त्यो आश्वासन गृहमन्त्री श्रेष्ठले पुरा गर्नुभयो । मिटर ब्याजी पिडितहरू औधी खुशी छन् । पिडितको पक्षमा सरकारको यो ठूलो उपलब्धी हो ।

'सामन्तवादको अवशेषको रूपमा रहेको मिटर ब्याजको शोषणबाट पिडीतलाई मुक्ति दिने अभियानलाई सफल पार्न यसले मुल आधार प्रदान गरेको छ र यो अभियानको लागि ऐन कोशे ढुङ्गा सावित भएको भन्दै सबैलाई उहाँले बधाई दिनुभएको छ । मिटर ब्याज पिडीतलाई न्याय दिन जारी ऐन कार्यान्वयनको प्रकृयालाई सहयोग पुर्याउन सबैसँग हार्दिक अनुरोध गृहमन्त्री श्रेष्ठले यो ऐन, आयोग र हरेक जिल्ला प्रशाशन कार्यालयमा रहेको सहजीकरण समितिलाई जोडेर पिडीतलाई न्याय दिलाई छाड्ने भन्दै पिडितको पक्षमा एकजुट उहाँले आग्रह गर्नुभएको छ । गृहमन्त्री श्रेष्ठको यो पहल काबिले तारिफ छ । नेपालको संविधानको धारा ११३ को उपधारा (२) बमोजिम सो विधेयक राष्ट्रपतिमार्फत प्रमाणीकरण भएको छ । प्रमाणिकरण भएलगतै यो कार्यान्वयनमा आएपछि त्यसको प्रभाव खास गरि मधेशमा सकारात्मक नकारात्मक दुवै पर्न सक्छ । मिटर ब्याजी लेनदेनमा ऋण लिने मात्र पिडित छैन, दिने पनि पिडित बनेका छन् । अहिले कानुनी रूपमा दिएका रकम पनि तिर्न ऋणीहरू तयार छैनन् । अहिले जो कोहीले पनि साहुको बिरूद्ध सिडियो कार्यालयमा गएर उजुरी दिन थालेका छन् । गाउँघरका लागि साहु महाजन गरिब र कम आय भएका लागि ठूलो राहत थियो । छोराछोरीलाई भर्ना, विवाह, श्राद्ध, विरामी, खेती किसानीलगायतका कामका लागि तत्कालै चाहिने रकमका लागि ती साहु महाजन गाउँघरका लागि भगवान जस्तै थिए । तर ती भगवानमागि हिलो छ्याप्ने काम भएको छ ।

सबैलाई एउटो डालोमा राखेर बदनाम गराउने काम भइरहेको छ । अहिले त गाउँघरमा कसैले कसैलाई पैँचो सापटी दिन पनि मानिरहेको छैनन्, ऋण दिनु त धेरै टाढाको कुरा । अहिले वैदेशिक रोजगार जानेहरू पनि प्रभावित भएका छन् । वैदेशिक रोजगारमा जानेहरू बिना ऋणले जान सक्दैनन् । डेढ लाखदेखि दुई लाखसम्म रूपियाँ मेन पावरवालाहरूले एजेन्टमार्फत लिने गरेका छन् । त्यति रकम वैदेशिक रोजगारमा जाने कसैसँग हुँदैन सबैले ऋण नै लिनुपर्छ वा जग्गा जमिन बेच्नुपरेको हुन्छ । अहिले त्यस्ता ऋण दिन साहु महाजनले अहिले छाडेका छन् । सबैलाई डर पसि सकेको छ । आज ऋण दियो र भोली गएर उल्टै सिडियो कार्यालयमा गएर मुद्दा चलाई दिन्छन् कि भनि चिन्ता सबैमा देखिन्छ । विरामीलाई उपचार गराउन जाँदा साहु महाजनबाट ऋण, पैँचो सापटी लिएर जान्थे तर अहिले त्यो पनि पाउन छाडिएको छ । अर्थात यो मिटरब्याजी पिडितको समस्या समाधान गर्न लाग्दा अर्कोतिर समस्या सुरू भएको छ । राज्यले जसरी ऐन ल्याएर त्यसको समस्या समाधान गरेको छ त्यसरी नै साहु महाजनको समस्या पनि समाधान गर्नुपर्छ ।

गाउँघरका जनताको पहुँच बैंकसम्म सहज पुर्याई दिनुपर्यो । ऋण प्राप्तिको प्रकृया सहज बनाई दिनुपर्यो । साहु महाजनबाट ऋण लिँदा ऋणीले सहज ढंगले कसरी फिर्ता गर्ने त्यसको पनि व्यवस्था मिलाई दिनु पर्यो । अनि मात्र समान्य न्याय हुन्छ नत्र एउटालाई न्याय दिंदा अर्कोतिर अन्याय भइरहेको छ कि जस्ता कुरामा पनि ध्यान दिन जरूरी छ ।

## तथ्यांक आफै बोल्छ

नेपालमा मानिने धर्म : १० ओटा

| | | |
|---|---|---|
| १ | हिन्दु | ८१.१९ प्रतिशत |
| २ | बौद्ध | ८.२१ प्रतिशत |
| ३ | इस्लाम | ५.०९ प्रतिशत |
| ४ | किराँत | ३.१७ प्रतिशत |
| ५ | क्रिश्चियन | १.७६ प्रतिशत |
| ६ | प्रकृति | ०.३५ प्रतिशत |
| ७ | बोन | ०.२३ प्रतिशत |
| ८ | जैन | २३९८ जना, ०.०१ प्रतिशत |
| ९ | शिख | १४९६ जना, ०.०१ प्रतिशत |
| १० | बहाइ | ५३७ जना, ०.०० प्रतिशत |

*स्रोत : राष्ट्रिय जनगणना, २०७८*

## पाठक पत्र

saharatimes.com.np@gmail.com




### प्रतिकृया दिन हतार

श्रीसुनिल रञ्जनजीको अन्तरवार्ता पढे । उहाँले दिनु भएको तर्क मोनासिब लाग्यो । उहाँले नागरिकताको विषयमा धेरै मुद्दा लडि सक्नुभएको कारणले आफ्नो अनुभवको आधारमा भन्नुभएको होला जस्तो लाग्छ । तर कहिले काही विश्वास पनि गर्नुपर्छ । सर्वोच्च अदालतले निर्णय गरेको छ । केही दिन हेरौं त्यसपछि प्रतिकृया दिउला । मलाइ लाग्छ रञ्जनजीले प्रतिकृया दिन हतार गर्नुभएको छ जस्तो लाग्छ । नागरिकता पिडितहरु लाइन लागेर नागरिकता लिइरहेका छन् । यो कुरा सञ्चारमाध्यममा पनि आइसकेको छ । राज्यले निमुखा, सोझा सिधा जनतामाथि कहिले विश्वास गरेन । जहिले धोका दिँदै आएको छ । तर कहि न कही यो दुनियाँ विश्वासमा टिकेको छ । त्यसैले रञ्जनजीको भनाई आफ्नो ठाउँमा ठिक होला तर प्रतिकृया अलि छिटो भयो जस्तो लाग्छ अरु जय होस् ।

***विनिता शर्मा, धनुषा, मुजेलिया, हाल, काठमाडौँ किर्तिपुर***

### पञ्चायतमा रहेर गणतन्त्रलाई बुझेका गोविन्द

म गोविन्द चौधरीलाई जहिले पनि राजवादी सम्झिन्थे । तर यो पत्रिकामा उहाँको जीवनी पढे अनि म सबै भ्रमबाट मुक्त भए । घरमा सबै पञ्च भएपनि उहाँ एक मात्र विद्रोह गरेर बहुदलका लागि संघर्ष गर्नुभएको हो रहेछ । उहाँले अरुको मन राख्नका लागि कहिले काही पञ्च भइ दिनुपरेको छ । अन्यथा उहाँ लोकतन्त्र र संघीयताका लागि लडेको मान्छे हुनुहुन्छ । अरुसँग लड्न सजिलो छ तर आफ्नै घरमा लड्नु पर्दा निकै नै गाह्रो हुँदो रहेछ । २०३४-०३५ सालदेखि लगातार राजनीतिमा हुनुहुन्छ । उहाँले घोर पञ्चायत, घोर बहुदल र अहिले संघीय लोकतान्त्रिक गणतन्त्र देखिनु भएको छ । तीन वटै शासनको प्रत्यक्ष अनुभवी हुनुहुन्छ । तीनटै कालमा उहाँ राज्यको निकट भएर काम गर्नुभएको छ । त्यसैले उहाँ सलामका लायक व्यक्ति हुनुहुन्छ । मेरो तर्फबाट सलाम छ ।

***बबलु साह, गौर, हाल, काठमाडौं, महाराजगञ्ज***

### प्रहरीले जोगाउन चाहन्छ, आरतीको हत्यारालाई !

आरती साहको हत्यालाई लुकाउने काम प्रहरीले गरिरहेको छ । मोतीबाबु र उनका परिवारले मिलेर आरतीलाई हत्या गरेको विभिन्न प्रमाणले पुष्टि गरेका छन् तर प्रहरीले त्यसलाई मान्ने पक्षमा छैन । मोतीबाबु व्यपारी हुन्, पैसाबाला हुन् । व्यपारी भएको नाताले प्रहरी प्रशासनसँग मिलेकै हुन्छ । घुस खुवाएर काम गरेका हुन्छन् । अहिले यो घटनामा मुछिए पनि प्रहरीले साथ दिने स्वभाविक कुरा हो । मोतीबाबुहरु दोषी छन् यो कुरा प्रहरीलाई थाह छ तर गर्नु के । सकभर यो मुद्दालाई कमजोर कसरी गर्ने त्यो दाउमा लागेका छन् । त्यसैले उनीहरुले कडाभन्दा कडा सजाय पाउन् भनेर यताबाट निर्मम ढंगले दबाव दिनुपर्छ । दबाव पुगेन भने मोतीबाबुहरुलाई त्यतिकै छोडदिन्छन् । अहिले मोतीबाबुहरुले प्रहरी प्रशासनलाई मिलाएका छन् । भोली गएर राजनीतिक दललाई मिलाउनमा सफल भए भने आरतीलाई न्याय दिलाउन गाह्रो हुन्छ । यो केस राजनीतिक दलको हातमा नजाओस् । बरु राजनीतिक दलका हरेक नेतालाई यो विषयमा थाह होस् । आरतीको पक्षमा उनीहरुले पनि बोलेस् । मन्त्रीपरिषद्‌देखि लिएर सदनसम्म आरतीको साहको बारेमा कुरा उठोस् । आरती साहको इसु नेशनल मात्र होइन, इन्टरनेशनल होस् भनि हामी चाहन्छौं ।

***शिवकुमार मोची, सानेपा, ललिपुर***

### किन ढाट्नु भो विजेताले

विजेत चौधरीको बारेमा पुरै स्टोरी पढे । पढ्नमा रोचक लाग्यो । विजेताको जीवन संघर्ष वास्तवमा संघर्षपूर्ण छ । अरु महिला पत्रकारका लागि प्रेरणाको स्रोत हुनसक्छ तर मैले एउटा कुरा बुझ्न नसकेको के हो भने उहाँ इन्टरमेडियट भारतको विहारबाट गर्नुभएको छ । तर उहाँले जनकपुरबाट नै गरेको छु भन्नुभएको छ । मसँग उहाँको बायोडाटा छ । बायोडाटामा उहाँले इन्टरमेडिट भारतबाट गरेको उल्लेख गर्नुभएको छ तर यस सहारा टाइम्समा इन्टटरदेखि ब्याचलरसम्म यही जनकपुरबाट नै गरेको उल्लेख छ ।

अर्को कुरा उहाँको बायोडाटामा प्रतिक दैनिकको चर्चा कही छैन तर उहाँले आफ्नो पत्रकारिता प्रतिक दैनिकबाट भन्नुभएको छ । बरु उहाँ हिमालिनी हिन्दी पत्रिका र हिमालय टाइम्समा काम गरेको कुरा पनि बायोडाटामा छन् तर सहारा टाइम्सको स्टोरीमा कतै यो कुराको जिकिर छैन । हुनसक्छ कुराकानीको क्रममा यी कुराहरु छुटाउनु भएको होला । तर शैक्षिक योग्यता जस्तो कुरा छुट्नु हुन्न जस्तो लाग्छ । यदि त्यस्तै हो भने दुईटामध्ये एउटा कुनै गलत हुनसक्छ या सहारा टाइम्सको स्टोरी गलत हो या मसँग भएको बायोडाटा गलत हुनसक्छ । जेहोस् विजेता चौधरीको जीवन अझै राम्रोसँग बितोस् भनि कामना पनि गर्दछु ।'

***राजिव साह, धनुषा, रमानन्द चौक जनकपुर***

## फेसबुक



**सुरेन्द्र चौधरी**

नेपालमा पार्टी नेतृत्व पंक्तीहरु पार्टी संचालनमा तानाशाही प्रवृति देखाउनुको धेरै कारणमध्ये एउटा कारण भनेको राजनितिक पार्टी र लोकतान्त्रिक राज्य बिचको सम्बन्धको आयाम बारे हेक्का राख्न नसक्नु पनि हो । राजनीतिक दल र लोकतान्त्रिक राज्यबीचको सम्बन्धको एउटा आयाम छ–त्यो संगठनको “आन्तरिक” लोकतन्त्र हो, जुन समाज वा राज्यसँगको सम्बन्ध भन्दा पनि पार्टीको संगठनको कार्य हो । पार्टी र यसका सदस्यहरूबीचको सम्बन्ध र पार्टीको संगठन र संरचनाले आन्तरिक लोकतन्त्रको दायरा निर्धारण गर्दछ । केही दलहरूले जात, लिङ्ग वा धर्मको आधारमा आफ्ना सदस्यहरूबीच भेदभाव गर्छन्, जबकि केहीले दलीय नेतृत्वलाई प्रतिस्थापन गर्ने वा प्रभाव पार्ने सदस्यहरू र तिनिहरुको क्षमतालाई अस्वीकार गर्ने कुलीन संरचना अपनाएका छन् ।

तसर्थ, राजनीतिक दल बाह्य रूपमा लोकतान्त्रिक तर आन्तरिक रूपमा अलोकतान्त्रिक हुन सक्छ । बाह्य रूपमा, यसले वैध लक्ष्यहरू स्वीकार गर्न सक्छ र तिनीहरूलाई कानुनी रूपमा पछ्याउन पनी सक्छ, यद्यपि, एकै समयमा, यसले- आन्तरिक रूपमा-तानाशाही/हैकमवादी रूपमा काम गर्न सक्छ।पार्टीका कार्यकर्ता हरुले यही निर पार्टी नेतृत्वको हैकमवादलाई रोक्न सक्नुपर्छ । हामीले माथी उल्लेखित लोकतन्त्रका यी दुवै प्रयोगको महत्वलाई मानक तर्क र पार्टी प्रणालीले प्राप्त गरेका कार्यात्मक लाभहरूमा आधारित भएर बुझ्नुपर्छ । राजनीतिक दलहरूले खेलका नियमहरू पालना गर्ने मात्र होइन, यी नियमहरू घरभित्र पनि लागु गर्नंपर्छ ।

**डा.सुर्या यादव**



माओवादी नेता तथा कार्यकर्ताहरू पार्टीबाट विस्तारै पलाइन हुँदै गइरहेको पछाडी कैयौ कारण होला तर मुख्य कारण भनेको संगठनमा जोर नदिनु र निस्वार्थ रूपमा संगठन बनाउन खोज्नेलाई शंकाको दृष्टिले हेर्नं, पार्टीका ईमानदार कार्यकर्ताहरूलाई सही मूल्याङकन गर्नंको साटो आफ्नो अनुकुलको व्यक्ति, आसेपासे, झोलेहरु जसले एक जना पनि व्यक्ति जोड्न सक्दैन बल्की पार्टीको नाम भजाउनमा मस्त देखिन्छ, त्यस्तालाई बढबा दिनु आदि । यसरी पार्टी बन्छ त ? पार्टी कसरी बन्छ भन्ने कुरा हाम्रा माओवादी नेताहरूलाई एमालेबाट पो सिक्नु पर्छ। के त्यहाँ अन्तरद्वन्द, गुट, उपगुट छैन ? तर पनि संगठन मिलेरै नेताहरूले बनाइरहेको छ त ? एउटा कहावत छ, 'नासे काल बिपरित बुद्धी ।'

# सिके राउत कार्यकर्ताको पहुँच उपेन्द्र महतोको 'किचेन' सम्म !

जनता समाजवादी पार्टीका तर्फबाट वन तथा वतावरण मन्त्री बन्नुभएका डा.विरेन्द्र महतोको नीजि सचिवालयमा सिके राउत अध्यक्ष रहेको जनमत पार्टीका केन्द्रीय सदस्य रुकेश साह नियुक्त भएपछि पार्टीभित्र विभिन्न टिका टिप्पणी सुरु भएका छन् । जसपाका कतिपय युवाले विद्रोहको चेतावनी दिएका छन् भने कतिपयले वन मन्त्रीका राजिनामा पनि मागेका छन् । तर अहिलेसम्म रुकेश साह कसरी स्वकीय सचिवमा नियुक्त हुनुभयो त्यसको जानकारी पार्टी वा मन्त्री महतोको नीजि सचिवालयले जानकारी गराएको छैन ।

तर सहारा टाइम्सले यसको बारेमा केही तथ्यहरु फेला पारेको छ । रुकेश साह जनमतबाट आएर मन्त्री महतोको स्वीकय सचिव मात्र होइन, डा.उपेन्द्र महतोको किचेनसम्म आफ्नो पहुँच बनाउनु सफल हुनु भएको छ । रुकेश साहले उपेन्द्र महतो परिवारका सबै सदस्यको मन जित्न सफल भएर किचेनदेखि बेडरुमसम्म कसरी पहुँच बनाउन सफल हुनु भएको छ । त्यसको कथा सिरहाका रुकेश साहको घर लिलामीबाट सुरु हुन्छ । विरेन्द्र महतो अध्यक्ष रहेको माछापुच्छे बैकबाट रुकेश साहले ऋण लिनुभएको थियो । तर समयमा सो ऋण चुक्ता नगर्दा घर लिलामी हुने अवस्थामा पुगेको छ ।

बैंकले रुकेश साहलाई पटक पटक ताकेता गरेर हेरान पारेको थियो । तर उहाँले ऋण तिर्न सकिरहनु भएको थिएन । आज भोलीमै लिलामी हुने अवस्थामा पुगिसकेको थियो । रुकेश साहको तनाव सुरु भएको थियो । त्यसपछि उहाँले एउटा उपाय निकाल्नुभयो, उद्योगपती डा.उपेन्द्र महतोका भाइ डा. विरेन्द्र महतो जसपाबाट सिरहा क्षेत्र नम्बर ४ बाट चुनावमा उठ्ने भएपछि त्यसको नजिक हुने र केही समयका लागि भए पनि लिलामी हुनबाट घरलाई जोगाउने ।' तर विरेन्द्र महतोको नजिक कसरी हुने त्यसको उपायको खोजीमा लाग्नुभयो उहाँ । विरेन्द्र महतोको चुनाव अभियानमा सबभन्दा नजिकको व्यक्ति हुनुहुन्थ्यो विष्णु साह । रुकेश साहले विष्णु साहलाई समात्नुभयो । 'म चुनावमा सहयोग गर्छु, मसँग यति भोट छ, मेरो पकड यहाँ छ, मेरो पकड त्यहाँ छ' भन्दै विष्णु साहलाई कन्भिन्स गर्न थाल्नुभयो । नेता भएको कारणले पहिलादेखि नै दुवैजनामा चिनजान थियो । तर गहिरो सम्बन्ध थिएन । चुनावमा एउटा भोटका लागि मान्छे कति हैरान हुन्छ, रुकेश जनमत पार्टीका नेता भएको कारण पक्कै पनि उहाँसँग केही न केही भोट होला भनि विष्णु साहले चासो लिन थाल्नुभयो । विरेन्द्र महतोलाई चुनावमा फुली सहयोग गर्छु, त्यसका लागि केही दिन भए पनि घरलाई लिलामीबाट जोगाई दिनु पर्‍यो, म पैसाको व्यवस्था गरेर ऋण तिरि दिन्छु भनि प्रस्ताव रुकेश साहले विष्णु साह समक्ष राख्नु भएको थियो ।

विष्णु साहले विरेन्द्र महतो र चन्देश्वर पासवानलाई भनेर एक डेढ महिनाका लागि घर लिलामी हुनबाट बचाई दिनुभएको थियो । बैंकले पनि चुनावसम्म ताकेता नगर्ने भनि चुपचाप बस्यो । त्यसपछि रुकेश विरेन्द्र महतोको चुनाव प्रचारमा सक्रिय हुनुभयो । सुरुमा विष्णु साहको सम्पर्कमा बसेर कार्यकर्ताको भेला गर्ने, चुनाव प्रसार गर्ने । विष्णु साहको मार्फत विरेन्द्र महतोलाई

बाँकी पृष्ठ ११ मा

# बाहिर बाहिर मोर्चा, भित्र भित्र पार्टी

कम्युनिष्ट पृष्ठभूमीका दलहरुले समाजवादी मोर्चा गठन गरेका छन् । २०८४ को चुनावलाई लक्षित गरी समाजवादी मोर्चा गठन गरेपनि अन्ततः पार्टी एकीकरणमै जाने आन्तरिक तयारी रहेको छ । सघीय संसदमा तीन दल र अन्य एक दल मिलेर समाजवादी मोर्चा गठन गरेका छन् । नेकपा माओवादी केन्द्र, जनता समाजवादी पार्टी (जसपा), नेकपा एकीकृत समाजवादी पार्टी र नेत्रविक्रम चन्द विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी मार्चोमा आवद्ध छन् । विप्लव नेतृत्वको दलबाहेक अन्य तीनवटै दल संसदमा छन् र सरकारको नेतृत्व पनि गरिरहेका छन् ।

मोर्चा गठन गरेपछि संसदमा उनीहरुको उपस्थिति बलियो देखिएको छ । संसदमा माओवादी केन्द्रको ३२, जसपाको १२ र नेकपा एकीकृत समाजवादीको १० सीट गरी मोर्चाको ५४ सीट पुगेका छन् । अहिलेको संसद र सरकारका लागि एउटा शक्ति निर्माण गरेकै हो तर दीर्घकालिन रुपमा एउटा पार्टीको रुप दिने गरी नै गृहकार्य सुरु भएको छ । समाजवादी मोर्चाले तयार पारेका कार्यविधि अध्ययन गर्दा लाग्छ कुनै पार्टीको विधान हो । मोर्चाको आफ्नै झण्डा र लोगो समेत रहेको छ । आफ्नै स्ट्याम्प पनि बनाएको छ ।

एउटा पार्टीले गर्ने हरेक अभ्यास समाजवादी मोर्चाले सुरु गरेको छ । समाजवादी मोर्चाको संगठन वडा तहबाट नै बनाउने निर्णय गरेको छ । विद्यार्थी, युवा, महिलालगायत अन्य भातृ संगठन बनाउनुको साथै अन्य सल्लाहकार समितिहरु पनि बनाउने तयारी रहेको छ । यी सब हेर्दा प्रष्ट हुन्छ कि समाजवादी मोर्चा एउटा अलग अलग पार्टीको होइन एउटा सिगैं पार्टी हो । मोर्चाको नेतृत्व कुनै एउटा व्यक्तिले होइन, चार वटै दलका अध्यक्षले आलो पालो गर्ने सहमति पनि गरेका छन् ।

संसदको सबैभन्दा ठूलो दल कांग्रेससँग ८८ सीट छन भने प्रमुख प्रतिपक्षी दल एमालेसँग ७९ सीट छन् । विगतमा एमाले र माओवादी मिलेर बनेको नेकपा सर्वोच्च अदालतको फैसलाले एकता भएको थियो । त्यस लगत्तै एमालेबाट अलग भएर माधवकुमार नेपालले नेकपा एकीकृत समाजवादी पार्टी गठन गर्नुभएको थियो । त्यो बेलादेखि माओवादी र नेकपा (एस)को बीचमा तालमेल हुँदै आएको हो । जसपाका उपेन्द्र यादव, माओवादीका प्रचण्ड र नेकपा (एस) का माधवकुमार नेपाल, नेपाल समाजवादी पार्टीका अध्यक्ष डा.बाबुराम भटट्राईले सुरुदेखि नै एउटा समासवादी मोर्चा बनाएर अघि

बाँकी पृष्ठ ११ मा

# बीजेपी सरकारले माओवादीका नेतालाई दिएन 'सरप्राइज'

भारतीय जनता पार्टीको निमन्त्रणामा साउन ७ गते भारत भ्रमण सकेर स्वदेश फर्केका माओवादी केन्द्रका नेताहरुले भ्रमण फलदायी रहेको प्रतिवेदन प्रधानमन्त्री समेत रहनु भएका माओवादी केन्द्रका अध्क्ष प्रचण्डलाई बुझाउनु भएको छ । यो भ्रमणले भाजपा र माआवादी केन्द्र बिचको सम्बन्ध अझ बलियो बनाएको निष्कर्ष माओवादी केन्द्रका नेताहरुको रहेको छ । माओवादी केन्द्रले शान्ति प्रकृया रोजेर विश्वमै ऐतिहासिक काम गरेको भाजपाका नेताहरुले विश्लेषण गरेको र नेपाल सरकारको नेतृत्व पनि पटक पटक गरेको कारण भाजपाले माओवादीप्रति विश्वास गर्न थालेको भ्रमणमा गएका नेताहरुले प्रधानमन्त्री प्रचण्डलाई बिफिङ गरेको एक नेताले बताउनुभयो । तर भ्रमणले माओवादी केन्द्रका नेताहरुले एउटा खिन्नता उत्पन्न गरि दिएको छ । त्यो हो बीजेपी नेतृत्वका सरकारका कुनै पनि प्रतिनिधिले माओवादीका नेताहरुसँग भेट्न मानेनन् । भारतबाट कुनै सानो तहका नेता नेपाल आउँदा पनि राष्ट्रपतिदेखि प्रधानमन्त्री, मन्त्री, प्रधानसेनापतिसम्मलाई पनि भेटेर फर्किन्छन् तर माओवादीका उपाध्यक्ष पम्फा भुसालका नेतृत्वमा गएका नेताहरु पटक पटक मन्त्री भइसक्नु भएको, पार्टीका पनि पदाधिकारी रहनु भएको तैपनि बीजेपी सरकारले उहाँहरुलाई पत्याई दिएन ।

भारतीय विदेश मन्त्री एस.जयशंकरसँग भेट्ने निकै प्रयास गर्नुभयो उहाँहरुले । तर उहाँहरुले भेट्न सक्नुभएन । मन्त्री जयशंकरको सचिवालयले भेटघाटका लागि समय व्यवस्थापन भइरहेको आश्वासन दिइएको थियो तर दिनभर प्रतिक्षा गराएपनि भेट भएन । साउन १० गतेको दिन माओवादी नेताहरु त्यतिकै खेर गएको थियो । नेपालको राजनीतिक विषयलाई प्रधानमन्त्री नरेन्द्र मोदीका राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभालले हेर्ने गर्नुहुन्छ । तर उहाँले पनि माओवादीका नेताहरुलाई भेट्न रुची देखाउनु भएन । माओवादी नेताको भ्रमणलाई बीजेपी नेतृत्वका सरकारले त्यति महत्व नदिएको भ्रमण दलकै नेताहरु बताउँछन् ।

यद्यपी विदेश मन्त्री वा सल्लाहकार कसैसँग भेट्ने कार्यतालिकामा उल्लेख थिएन तै पनि भेट गर्ने प्रयास भइरहेको थियो । बीजेपीका नेतारुले नै केही सरकारी प्रतिनिधिहरुसँग सरप्राइज भेट गराउन चाहनु भएको थियो । विदेश मन्त्री एस.जयशंकरसँग भेटाउने कुरा बीजेपीका नेताहरुले आफ्नो आन्तरिक कार्यतालिकमा राख्नु भएको थियो ।

साउन ७ गते दिल्ली पुग्नुभएका माओवादीका नेताहरुले भाजपाको हेडक्वाटर दुई पटक पुगेर भेटघाट तथा छलफल गर्नुभयो । भाजपाको हेडक्वाटारमा सो पार्टीका शीर्ष नेताहरुसँग भेटघाट विभिन्न तहमा छलफल भयो । त्यही भाजपाका युवा संगठन, महिला संगठनका प्रतिनिधिसँग पनि भेटघाट र छलफल भयो । हेडक्वारमै रहेको पार्टीको पुस्तकालयलाई पनि अवलोकन उहाँहरुले गर्नुभयो । त्यसपछि माओवादीका नेताहरु देहरादुन जानु भएको थियो । त्यहाँ साँझ ऋषिकेशमा गंगा आरती गर्नुको साथै भाजपाका नेताहरुसँग भेटघाट गर्नुभएको थियो । उहाँहरु साउन १२ गते नेपाल फर्किनुभयो ।

## फरकमत

# मिसन ८४ मतदाता ठग्ने मेसो



विजयकुमार यादव

कांग्रेसका महासचिव विश्वप्रकाश शर्माले एउटा अनलाइनको अन्तरवार्तामा भन्नु भएको छ, 'कांग्रेसजनले अरु दलको भन्दा भिन्न र परिपक्व हेर्ने हो । कतिपय दलले मिसन-८४ भनिरहेका छन् । कांग्रेस ८४ मा चुनाव नलड्ने हो र ? लड्छ । तर कांग्रेसले संयमका साथ भनिरहेको छ, हामी अहिले मिसन ८४ को कुरा गर्दैनौं । २०८४ मा २००७ सालको जस्तो प्रजातन्त्र आउने हो र ? कि २०४६ को जस्तो परिवर्तन हुने हो ? हिंसाबाट शान्तिमा जाने पनि होइन । नेपालको नयाँ संविधान थिएन, अब बन्ने हो र ? होइन । २०८४ मा चुनाव हुने हो, अनि त्यो चुनावको चिन्ता अहिले किन गर्ने ? हामीले पनि एउटा चुनावदेखि अर्को चुनावसम्म चिन्ता गर्ने हो भने देशको चिन्ता कहिले गर्ने ?'

मिसन-८४ सुरुवात गरेका नव आगन्तुक पार्टीलाई जवाफ दिँदा यो भन्दा सटिक्क जवाफ अरु केही हुनै सक्दैन । एउटा जिवन्त पार्टीका महासचिवको परिपक्क विचार यस्तो हुन्छ । ठूलो तथा अनुभवी पार्टीका नेताको सोच नै फरक हुन्छ । एउटा मात्र चुनाव लडेका केही नयाँ पार्टीहरुले मिसन-८४ चलाएका छन् । अर्थात २०८४ मा हुने चुनावका लागि अहिलेदेखि तयारी थालेका छन् । मानौं २०८४ मा ठूलै परिवर्तन हुँदैछ, देशमा ठूलै उथल पुथल आउँदैछ जसका लागि अहिलेदेखि तयारी थालनी गरेको हो र ।

२०८४ मा अरु केही होइन, सिर्फ एउटा चुनाव हुँदैछ । जो संविधानले तय गरेका नियमित प्रकृया हो । त्यसका लागि अहिलेदेखि चिन्तित र हतोत्साहित हुने आवश्यकता नै छैन । एउटा चुनाव सम्पन्न भएको एक वर्ष पनि भएको छैन । झण्डै नौ महिना मात्र भएको छ । यतिकैमा आत्तिएर डा.सिके राउत नेतृत्वको जनमत पार्टी, रवि लामिछाने नेतृत्वको राष्ट्रिय स्वतन्त्र पार्टी, रेशम लाल चौधरी संस्थापक रहेको नागरिक उन्मुक्ति पार्टीलगायतका अन्य साना नयाँ पार्टीहरु अगामी २०८४ मा हुने आम निर्वाचनलाई लक्षित गरेर मिसन-८४ सुरु गरेका छन् । २०८४ मा न केही नयाँ परिवर्तन हुँदैछ, न संविधान बन्दैछ, न कुनै लडाई हुँदैछ सिर्फ एउटा नियमित चुनाव हुँदैछ ।

मंसिर १० गते सम्पन्न भएको चुनाव जस्तै एउटा चुनाव हुँदैछ जसका लागि पाँच वर्ष अगाडिदेखि नै मिसन चलाएको कारण ती दलहरु चुनावी राजनीति गर्न मात्र आएको कुरा पुष्टि हुन्छ । देश कसरी राम्रो बन्ने हो, देशको गरिबी, बेरोजगारी, अशिक्षा, भ्रष्टाचारलाई कसरी हटाउने हो त्यसका लागि पो चिन्ता गर्ने, त्यसका लागि पो मिसन चलाउने हो । उनीहरु त सीर्फ चुनाव जित्नका लागि अभियान चलाएका छन् जुन जनतालाई भ्रमित पार्ने काम बाहेक अरु केही होइन ।

जनताका लागि काम गरेपछि चुनाव जित्नका लागि मिसन चलाउनै पर्दैन । यो चार वर्षमा देश भ्रष्टाचार अन्त्य गर्छु, गरिबी हटाउँछु, देशलाई पूर्ण साक्षर बनाउनु छु, १० लाख युवालाई रोजगार दिन्छु, वैदेशिक रोजगारीमा गएकालाई स्वदेश फर्काउँछु, स्वास्थ्य सेवा पूर्ण निशुल्क गर्छु जस्ता थुप्रै कुराहरु छन् जसका लागि अभियन चलाउन सकिन्छ । यीमध्ये एउटा पनि काम सफल भयो भने जनताले त्यहीं दललाई जिताउँछ ।

तर देशको विकास, परिवर्तनका लागि काम नगर्ने र आफू चुनाव कसरी जित्न सकिन्छ त्यसका लागि चिन्तित देखिन्छ । अलि केही बढी सीट ल्याउने, सरकारमा जाने, मन्त्री बन्ने बाहेक अरु केही गर्न सक्दैन । सरकार बनाउनका लागि नै यो मिसन चलाई रहेका छन्, जुन मतदाता रिझाउने मेसो मात्र रहेको पुष्टि हुन्छ । काँग्रेस, कम्युनिष्ट, जसपा, लोसपाले कहिले पनि कुनै चुनावका लागि मिसन चलाएन । चुनावको समयमा गतिविधिहरु गर्नु आम कुरा भयो तर चार-पाँच वर्ष अगाडिदेखि नै मिसन चलाउन जनतालाई विकासबाट टाढा राख्नु हो ।

संसद तथा सरकारमै रहेका दलहरुले अहिले मिसन-८४ चलाएका छन् । विकासका कामहरु छाडेर गाउँगाउँ गएर संगठन निर्माणका काममा लागेका छन् । विकासका कामहरु छाडेर गाउँगाउँ गएर संगठन निर्माणका काममा लागेका छन् । यो जनता आम जनतालाई हुन्छ । जनताले उनीहरुलाई जिताएर काम गर्नका लागि पठाएको हो, मिसन चलाउनका लागि होइन ।

त्यसो भए ती दलले स्पष्ट गर्नुपर्छ कि मिसन केका लागि ? स्वतन्त्र पार्टी र जनमत पार्टी अझै संघीयताको विषयमा स्पष्ट हुनसकेका छैन । संघीयताको विषयमा आफ्नो धारणा स्पष्ट गरेको छैन । संघीयता समाप्त गर्नका लागि मिसन चलाएको हो कि राजा ल्याउन मिसन चलाएको हो कि हिन्दु राष्ट्र बनाउन मिसन चलाएको हो । प्रदेश खारेज गर्न मिसन चलाएको हो । विगतका गतिविधिहरु हेर्दा मिसन-८४ चलाउनेमाथि आशंका गर्ने ठाउँ छ ।

*(लेखक विजयकुमार यादव जसपा संघीय परिषद्का सदस्य हुनुहुन्छ)*

**लेख**



■श्रीमन्नारायण

# नेपालमा मातृभाषाको अवस्था

विश्वका अनेकौं देशहरूमा आज पनि मातृभाषाको विकास, राजकीय संरक्षण र मान्यतालाई लिएर शान्तिपूर्ण प्रदर्शनको क्रम रोकिएको छैन । हाम्रो देशको संविधानको प्रस्तावनामा पनि नेपाल बहुजातीय, बहुधार्मिक, बहुसांस्कृतिक एवं भौगोलिक विविधायुक्त बहुभाषिक राष्ट्रको रूपमा स्वीकार गरिएको छ तर मातृभाषाहरूको विकास एवं मान्यताको निम्ति यहाँ यथोचित पाइला चाल्न सकिएको छैन । सरकारले भाषाकर्मीहरूले र सामाजिक सङ्घ, संस्थाका प्रतिनिधिहरूले पनि यस दिशामा धेरै कार्य गर्नुपर्ने आवश्यकता छ ।

२१ फेब्रुअरी १९५२ मा ढाका (तत्कालीन पूर्वी पाकिस्तान र हाल बङ्गलादेशको राजधानी) मा बङ्गलालाई राष्ट्रभाषा बनाउनुपर्ने माग राख्दै भएको प्रदर्शनमा प्रहरीको गोली लागी अनेकौं विद्यार्थीले शहादत प्राप्त गरे । संयुक्त राष्ट्र सङ्घले सोही स्मृतिमा प्रत्येक वर्ष यस दिनलाई मातृभाषा दिवसको रूपमा मनाउँदै आएको छ । नेपालमा मातृभाषाका अभियन्ताहरुको अभियान केवल सभा, गोष्ठी, सांस्कृतिक कार्यक्रम तथा सरकारबाट सेवा सुविधा लिई त्यसलाई निहित स्वार्थपूर्तीको निम्ति उपयोग गर्ने काम मात्रै हुँदै आएको छ ।

पञ्चायतकालीन निर्दलीय संविधानमा नेपाली भाषालाई राष्ट्रभाषा मानिएको थियो । यो नै नेपालको निर्विकल्प सरकारी कामकाजको भाषा थियो । सरकारद्वारा घोषित एक भाषा नीतिका कारण नेपालमा बोलिने अन्य भाषाहरू उपेक्षित अवस्थामा थियो । प्रजातन्त्र पुनर्स्थापनापछि २०४७ को संविधानले नेपाली भाषालाई राष्ट्रभाषा र अन्य मातृभाषाहरूलाई राष्ट्रिय भाषाका रूपमा मान्यता दिएको थियो तर त्यो संविधानको पानामा मात्रै सीमित थियो । काठमाडौं महानगरपालिकाले नेवारी तथा राजविराज एवं जनकपुर नगरपालिकाले मैथिली भाषामा कामकाज सुरू गर्न थाल्दा सम्मानित सर्वोच्च अदालतले त्यसमाथि रोक लगाएको थियो ।

जनआन्दोलन-२ को सफलतापश्चात् बनेको अन्तरिम संविधानमा मातृभाषाप्रति थप उदारता देखियो । देशका प्रमुख राजनीतिक दलहरू नेपालमा बोलिने मातृभाषाहरूलाई राष्ट्रभाषाको रूपमा पहिचान दिन सामूहिक रूपमा प्रतिबद्धता पनि जनाए । नेपालको संविधान २०७२ लाई निरन्तरता पनि दिइएको छ तर २०७४ मा सम्पन्न निर्वाचनमा देशका प्रमुख राजनीतिक दलहरू मातृभाषाको सम्बन्धमा उदासिन देखिनुले देशमा मातृभाषाको भविष्य उज्ज्वल नरहेकोतिर सङ्केत गरिरहेको छ । संविधानको धारा ३ मा राष्ट्रको परिभाषामा नेपाललाई बहुभाषिक भनिएको छ । धारा ६ मा नेपालमा बोलिने सबै मातृभाषाहरूलाई राष्ट्रभाषाको रूपमा मान्यता दिइएको छ ।

धारा ७ (१) मा देवनागिरी लिपिमा लेखिने नेपाली भाषालाई सरकारी कामकाजको भाषाको रूपमा मान्यता दिइएको छ । धारा ७ (२) मा नेपाली भाषाका अतिरिक्त प्रदेश सरकारहरूले आफ्नो प्रदेशभित्र बहुसङ्ख्यक जनताले बोल्ने एक वा एकभन्दा बढी राष्ट्रभाषालाई प्रदेशको कानून बमोजिम प्रदेशको सरकारी कामकाजको भाषा रूपमा प्रयोग गर्न सकिने छ भनिएको छ । धारा ७ (३) मा भाषा सम्बन्धी अन्य कुरा भाषा आयोगको सिफारिसमा नेपाल सरकारद्वारा निर्णय गरिए अनुसार हुने व्यवस्था छ ।

मातृभाषामा शिक्षँको सम्बन्धमा पनि हाम्रो संविधानमा धेरै कुरा उल्लेख भएको पाइन्छ । संविधानको धारा ३१ (५) मा नेपालमा बसोबास गरिरहेका प्रत्येक नेपाली समुदायले कानून अनुसार आफ्नो मातृभाषामा शिक्षँ हासिल गर्न सक्ने छन् । यसको निम्ति विद्यालय तथा शैक्षिक संस्थान खोली सञ्चालन गर्न पाउने व्यवस्था छ । त्यसैगरी भाषा र संस्कृतिको हक अन्तर्गत धारा ३२ (१) मा प्रत्येक व्यक्ति तथा समुदायलाई आफ्नो भाषा प्रयोग गर्न पाउने अधिकार प्राप्त हुनेछ, भन्ने उल्लेख छ । धारा ३२ (३) ले नेपालमा बसोबास गरिरहेका प्रत्येक नेपाली समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको सम्बर्द्धन एवं संरक्षण गर्न पाउने अधिकार दिइएको छ ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा गाउँपालिका र नगरपालिकाको शिक्षँ सम्बन्धी अधिकारमा मातृभाषामा शिक्षँ प्रदान गर्ने स्कूलको अनुमति, अनुगमन तथा नियमनका साथै भाषा संस्कृतिको संरक्षँण एवं विकास सम्बन्धी नीति, कानून, मापदण्ड, योजना कार्यान्वयन तथा अनुगमन एवं नियमन गर्ने जिम्मेवारी दिइएको छ । त्यसैगरी शिक्षँ ऐन २०२८ (नवौं संशोधन २०७४)को दफा ७ को उपदफा (१) मा प्राथमिक शिक्षँ मातृभाषामा प्रदान गर्न सकिने व्यवस्था छ । तर  व्यवहारमा यो लागू भएको छैन । मातृभाषामा प्राथमिक शिक्षँलाई अनिवार्य नगरिएसम्म मातृभाषाको संरक्षण र सम्बर्द्धन सम्भव हुन सक्दैन ।

मातृभाषाप्रति दलहरूको उदासिनताका कारण नै संविधानमा रहेका प्रावधान एवं अधिकारहरूलाई कार्यान्वयनमा ल्याउने काम हुन सकिरहेको छैन । संविधानले सरकारी कामकाजको भाषा देवनागिरी लिपिमा लेखिने नेपाली भाषालाई तोकेको छ । प्रदेशमा भन्ने बहुसङ्ख्यकले बोल्ने एक वा एकभन्दा बढी भाषा प्रदेश कानून बमोजिम नेपाली भाषाको अतिरिक्त सरकारी कामकाजको भाषा हुन सक्ने प्रावधान राखिएको छ । त्यसका लागि आधार तय गर्ने र सरकारलाई सिफारिस गर्ने जिम्मा भाषा आयोगलाई दिइएको छ । भाषा नीतिसँग सम्बन्धित यस आयोगले एक वर्षमा पनि पूर्णता पाउन सकेन । एक वर्षपछि एकजना सदस्य थपिएको छ जबकि समावेशी आधारमा महिलासहित भाषाविज्ञबाट र विज्ञ सूचीमा रहेका विज्ञ र कर्मचारीको मनोनयन बाँकी नै छ । भाषा आयोगले पूर्णता पाओस् र यसले द्रुतगतिमा आफ्नो कार्यको थालनी गरी सरकारलाई प्रतिवेदन समयमै बुझाओस् भन्ने चिन्ता न त मातृभाषी समुदाय, भाषिक अभियन्ता, भाषाविज्ञ तथा गैरसरकारी सङ्घसंस्थाका अभियन्ताहरूलाई नै छ, न त भाषाको नाममा राजनीति गर्ने जातीय सङ्गठन र राजनीतिक दलहरूलाई नै । सरकारमा जाने एकोहोरो अभियानमा लागेका दलहरू पनि यसमा गम्भीर हुनु आवश्यक छ ।

कुनै पनि व्यक्ति आफ्नोपनको अनुभूति मातृभाषामा नै गर्न पाउँछन् । हाम्रो देशमा मातृभाषाहरूको मान्यता र उपयोगको सम्बन्धमा संविधानमा र ऐनमा व्यवस्था भएको पाइए पनि जबसम्म यसको संरक्षँण र सम्बर्द्धनमा राज्यको भूमिका प्रभावकारी हुँदैन तबसम्म यसको सार्थकता सिद्ध हुने छैन । मातृभाषाहरूको विकास भएमा मात्रै नयाँ-नयाँ कवि, लेखक एवं साहित्यकारहरू चर्चामा आउने छन् र यसले हाम्रो राष्ट्रभाषा नेपालीलाई पनि धनी, समृद्ध एवं व्यापक बनाउनमा सहयोगीको भूमिका निर्वाह गर्नेछ । शिक्षँलाई राम्ररी सम्झाउने बुझाउने अनेकौं सूत्र हुन सक्दछ तर मातृभाषा त्यसमा सर्वोपरी हो । मातृभाषाका कथा, लोकगीत, गाउँखाने कथा, कथन, पहेंलीहरू यस्ता माध्यम हुन् जुन प्रत्यक्ष रूपमा हाम्रो स्मृतिको धरातलसँग जोडिएको हुन्छ । त्यसमा किसानको शक्ति हुन्छ । त्यसको बनोट पनि बेग्लै किसिमको हुने गर्दछ । एउटा विशिष्ट सामाजिक एवं मनोवैज्ञानिक बनोट जसमा अस्मिता पनि निहित हुन्छ । जब कुनै महादेशको पीडाको वर्णन गरिनेछ अनि कुनै मौलिक लेखकले आफ्नो मातृभाषामा जति अनुकूलता, तीव्रता एवं तीक्ष्णतापूर्वक आफ्नो भनाईलाई व्यक्त गर्न सक्नेछ त्यति अन्य भाषामा होइन । आत्म अन्वेषणको गहिराई जति मातृभाषामा हुन्छ, त्यति अन्य भाषाहरूमा होइन । अन्य भाषामा पनि आफ्नो कुरालाई राख्न सकिन्छ तर मातृभाषा जति मार्मिकता त्यसमा हुँदैन ।

शिक्षँमा मातृभाषाको प्रयोगबाट आफ्नो परिवेश तथा पर्यावरणको बोध हुन्छ । सम्बद्धीकरणको प्रक्रियामा बलियोपन आउँछ, त्यसमा पृथकता अनुभूति हुँदैन । मातृभाषामा त्यो मौलिक लय प्रकट हुन्छ जो प्रकृति एवं परिवेशसँगै सामाजिक सङ्घर्षमा पनि प्रकट हुने गर्दछ । जसमा प्रकृति एवं परिवेशसँगै सामाजिक सङ्घर्ष पनि प्रकट हुने गर्दछ । त्यसमा साहित्य एवं संस्कृतिको सकारात्मक, मानवीय जनतान्त्रिक तत्त्व पनि प्रकट हुन्छ । आफ्नो संस्कृतिको जरोमा पुगेर हामीलाई आत्मविश्वासको अनुभूति हुने गर्दछ । उधारोमा लिइएको भाषाले हाम्रो साहित्य एवं कलालाई विकसित गर्न सकिन्छ । वर्तमान अवस्थामा पश्चिमीकरणको प्रभाव चारैतिर छ । यसले हाम्रो मौलिकतामाथि ठूलो प्रहार गरिरहेको छ । मातृभाषामा आफ्नो माटोको सुगन्ध आउँछ जुन विदेशी भाषामा सम्भव हुन सक्दैन । मातृभाषा आफ्नो आमाबाबुबाट व्यक्तिले प्राप्त गर्ने भाषा हो ।

मातृभाषाले एक बेग्लै थरिको सांस्कृतिक आचरण प्रदान गर्छ जुन कुनै अन्य भाषामा सम्भव हुन सक्दैन । मातृभाषामा एउटा खास किसिमको तत्त्व जोडिएको हुन्छ जसले गर्दा त्यसको सम्प्रेषणीयता त्यो भाषा बोल्नेहरूको निम्ति निकै मार्मिक हुन जान्छ । यो प्रश्न इतिहास र संस्कृतिसँग पनि जोडिएको हुन्छ । तसर्थ शिक्षँ अध्ययनको क्षेत्रमा यसको महत्त्व छ । संस्कृतिको अर्थ विश्वलाई केवल बिम्बको रूपमा व्यक्त गर्नु मात्रै होइन अपितु ती बिम्बहरूमार्फत व्यक्त संसारलाई नूतन दृष्टिबाट हेर्ने दृष्टिकोण विकसित गर्नु पनि हो । वर्तमान युगमा अङ्ग्रेजीको बढ्दो प्रचार प्रसार एवं व्यापकताका कारण हामीलाई आफ्नो मातृभाषाप्रति हिनताको अनुभूति हुन सक्दछ र हामी त्यस भाषाको प्रभुत्वलाई बखान गर्न थाल्दछौं ।

फलस्वरूप हामी त्यस भाषासित बाँधिन जान्छौं र आफ्नो मातृभाषालाई नै तिलाञ्जलि दिइरहेका हुन्छौं । मेरो सन्तानलाई त आफ्नो मातृभाषा बोल्न नै आउँदैन भनेर गर्व गर्ने आमा-बुबाहरू यथार्थमा आफूलाई नै कमजोर बनाइरहेका हुन्छन् किनभने अनततः प्रत्येक व्यक्तिको मान सम्मान र पहिचान त्यसको मातृभूमि र मातृभाषामार्फत नै भइरहेको हुन्छ । संस्कृति आफैमा पनि इतिहासको अभिव्यक्तिको उत्पादन हो । मातृभाषाको आफ्नो छुट्टै तर विशेष पहिचान हुने गर्दछ । मातृभाषाको मान्यता एवं महत्त्व रहेन भने हाम्रो संस्कृति पनि नाश हुन बेर लाग्दैन । यदि मातृभाषालाई शिक्षँको आधार बनाइन्छ भने सामुदायिकतामा आबद्ध वर्ग, आफ्नो भाषा, साहित्य, धर्म, कला, नाटक, मूल्य एवं एउटा यस्तो शिक्षँ प्रणाली विकसित गर्न सफल हुने छन् जसले इतिहास एवं भुगोललाई एक पुस्ताबाट अर्को पुस्तामा सजिलै हस्तान्तरण गर्न सक्नेछ ।

शिक्षँ एवं संस्कृति वर्गीय असमानतालाई समाजको आर्थिक जगमा व्यक्त गर्ने गर्दछ । वास्तवमा वर्गीय समाजमा दुई थरिका शिक्षँबीच सङ्घर्ष हुने गर्दछ । पहिलोमा त औपनिवेशिकताबाट ग्रसित संस्कृति पक्षको निम्ति मातृभाषाको आवश्यकता नै हुँदैन । उनीहरू यस्तै भाषालाई रोज्ने छन् जसले तिनको वर्गीय हितको प्रतिनिधित्व गर्न सकोस् दोस्रोमा आफ्नै देश र समाजमा मातृभाषामा बोलेकै कारण सजाय एवं अपमान भोग्नेहरू पनि छन् ।

मातृभाषाको माध्यम भन्नाले जनतासित प्रत्यक्ष सरोकारको माध्यम हो जसमा त्यस समुदायको सामाजिक एवं राजनीतिक निहितार्थ पनि बोध भइरहेको हुन्छ । त्यसैले शिक्षँमा यसको गहिरो औचित्य छ । शिक्षँको मूल लक्ष्य नै हो, त्यो सौन्दर्यबोध जसमा हाम्रा लोककथाहरू, हाम्रा सपना, विज्ञान एवं हाम्रा भविष्यको कामना निहित होस् । अन्य भाषाहरूलाई अपनाउनु अथवा त्यसमा अभिव्यक्ति दिनु नराम्रो होइन तर मातृभाषालाई कमजोर पार्ने अथवा समाप्त पार्ने काम गर्नु भएन । हाम्रो अस्मिता, साहित्य, सिर्जनात्मकताको सर्वोच्च वैभव मातृभाषामा नै सम्भव हुन सक्दछ ।

मातृभाषा जीवन्त अभिव्यक्ति तथा शिक्षँको सबैभन्दा उत्तर र सुन्दर माध्यम हो । नेपालजस्तो सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक देशमा मातृभाषाहरूले समुचित महत्त्व, संरक्षण र अवसर पाउनु आजको आवश्यकता र समयको माग पनि हो ।

*(लेखक श्रीमननारायण राजनीतिककर्मी हुनुहुन्छ)*

अन्तरवार्ता

# भाजपा र माओवादी केन्द्र परिवर्तनकारी शक्ति हो



**भाजपाले निमन्त्रणा गरेर बोलाएको कारण सोही दल निकटका नेता तथा सरोकारबालाहरुसँग भेटघाट र छलफल भयो। हामी गएको दिन एयरपोर्टमा स्वागत गर्न भाजपाका विदेश विभाग प्रमुख डा.विजय चौथाइवा आफै आउनु भएको थियो। त्यही पनि एकछिन कुराकानी भयो। त्यसको भोलीपल्ट हामी भाजपाको हेडक्वाटर गयौं।**

**रामेश्वर राय यादव, केन्द्रीय सदस्य, माओवादी केन्द्र**

**भारतीय जनता पार्टी (भाजपा) को निमन्त्रणामा माओवादी केन्द्रका नेताहरु साउन ५ गतेदेखि १५ गतेसम्म भारतको भ्रमण गर्नुभयो। माओवादीका उपाध्यक्ष पम्फा भुसालको नेतृत्वमा पाँच सदस्यीय टोलीले भारत भ्रमण सम्पन्न गरेको हो। यसरी नै माओवादीका अर्का उपाध्यक्ष अग्नी सापकोटाको नेतृत्वको टोलीले चिनियाँ कम्युनिष्ट पार्टीको निमन्त्रणामा चीनको भ्रमण गरेको थियो। दुई मुलुकका मुख्य पार्टीसँग माओवादीले सम्बन्ध बनाउन चाहन्छ भनि प्रष्ट छ। प्रस्तुत छ यिनै विषयवस्तुमा केन्द्रीत रहेर भारत भ्रमणबाट फर्किनु भएका माओवादीका केन्द्रीय सदस्य रामेश्वर राय यादवसँग गरिएको कुराकानीको सम्पादीत अंशः**

**भाजपाको निमन्त्रणामा भारत भ्रमण सकाएर फर्किनु भएको छ। भ्रमणको उद्दश्य के थियो ?**

भारतका सत्तारुढ दल भारतीय जनता पार्टी (भाजपा) को निमन्त्रणामा हामी साउन ५ गतेदेखि १२ गतेसम्म भारतको भ्रमण गर्‍यौं। यो राजनीति तथा कुटनीतिक भ्रमणभन्दा पनि दुई पार्टीबीच सम्बन्ध आदाना प्रदानका लागि गरिएको भ्रमण थियो। भाजपाले बीजेपी नो (बीजेपी चिन्नुस्) कार्यक्रमअन्तरर्गत विभिन्न देशका दलहरुलाई निमन्त्रणा गरेर आफ्नो पार्टीको बारेमा जानकारी गराउँदै आएको छ। पार्टी-पार्टीबीच सम्बन्ध बढाउँछ, भाइचाराको सम्बन्ध बनाउँछ। हामी माओवादी पार्टीसँग पनि त्यस्तै गर्‍यो।

**भ्रमणको क्रममा को कोसँग भेट भयो के के कुराकानी भयो ?**

भाजपाले निमन्त्रणा गरेर बोलाएको कारण सोही दल निकटका नेता तथा सरोकारबालाहरुसँग भेटघाट र छलफल भयो। हामी गएको दिन एयरपोर्टमा स्वागत गर्न भाजपाका विदेश विभाग प्रमुख डा.विजय चौथाइवा आफै आउनु भएको थियो। त्यही पनि एकछिन कुराकानी भयो। त्यसको भोलीपल्ट हामी भाजपाको हेडक्वाटर गयौं। त्यहाँ पार्टीका उपाध्यक्षदेखि  विभिन्न भातृ संगठन जस्तै युवा, महिला, मिडिया क्षेत्रका अधिकारीहरुसँग छुट्टा छुट्टै छलफल भयो। त्यही दिन भाजपाका अध्यक्ष जेपी नड्डासँग छुट्टै छलफल भयो। उहाँसँग एक डेढ घण्टा कुराकानी भयो। सबैको एउटै चाहना थियो भाजपा-माओवादीको सम्बन्धका साथ नेपाल-भारतबीच राम्रो सम्बन्ध होस्। सबैको चिन्ता र चासो त्यही थियो।

जेपी नड्डाजी पनि नेपाल-भारतको सम्बन्ध विश्वका अन्य देशभन्दा बिल्कुल फरक हो। यी दुई देशको बीचमा घरायसी, समाजिक, साँस्कृतिक सम्बन्ध रहेका छन्। त्यसलाई त्यही रुपमा विकास गरिरहनु पर्छ भन्नुभएको थियो। दुई देशबीचको सम्बन्धलाई अझै उचाईमा पुर्‍याउनका लागि राजनीतिक सम्बन्ध पनि बलियो हुनुपर्छ। त्यसमा खासगरि माओवादी केन्द्र नेपालका लागि परिवर्तनकारी शक्ति हो, यता भारतमा भाजपा परिवर्तनकारी शक्ति हो त्यसैले दुवै शक्तिको सहकार्य हुनुपर्ने धारणा नड्डाजीले राख्नुभएको थियो। माओवादीका कारण नेपालमा परिवर्तन सम्भव भएको हो र अगामी दिनमा पनि माओवादीले नै परिवर्तनका लागि नेतृत्व गर्नुपर्छ भनि नड्डाजीको विचार थियो। यसरी हामीबीच एकदमै सौहाद्र रुपमा कुराकानी भयो।

**भाजपाको हेडक्वाटर भ्रमण गरेर के के सिक्नुभयो त ?**

त्यहाँ सिक्नुपर्ने भन्दा पनि अनुभव गर्ने, मनन गर्ने कुराहरु धेरै छन्। हामीले जानेकै बुझेकै कुराहरु थिए। उहाँहरुले कति व्यवस्थित तरिकाले पार्टी चलाई रहनु भएको छ, त्यो मनन गर्ने र अनुभव गर्ने कुरा थियो। पार्टी कार्यालय एउटा सिस्टममा चलिरहेको छ। हरेक विङ्गस कसरी क्रियाशिल बनाएको छ। पार्टीका दस्तावेजहरु कसरी व्यवस्थित गरिएको छ। ऐतिहासिक कुराहरुलाई कसरी मिलाएर व्यवस्थित ढंगले राखिएको छ, त्यो अनुसरण गर्नुपर्ने कुरा थियो। मानौ भाजपा एउटा पार्टी कार्यालय होइन, एउटा म्युजियम हो, पुरै इतिहास् हो। पुरै भारत हो। विगतका प्रधानमन्त्रीहरुको बारेमा डिजिटलाइजेशन गरिएको छ। हेर्दा लाग्छ पूर्व प्रधानमन्त्रीहरु त्यहाँ जिवितै हुनुहुन्छ। लाइब्रेडी पनि त्यस्तै व्यवस्थित देखियो। अर्थात भाजपाको कार्यालय भ्रमण गर्दा सम्पूर्ण भारतको इतिहास त्यहाँ भेट्न सकिन्छ। भाजपाले समाजिक सञ्जाललाई कसरी प्रयोग गरेको छ, मिडिया सञ्चालन कसरी गरिएको छ लगायतको विषय अनुशरण गर्ने लायकको छ।

**त्यहाँबाट सिकेर, बुझेर, अनुभव गरेर आउनु भयो अब माओवादी पार्टीलाई पनि त्यस्तै बनाउनु हुन्छ नि कि कसो ?**

म भन्छु त्यस्तै नबनाए पनि व्यवस्थित गर्न जरुरी छ। त्यहाँ हामीले हेरेका र अनुभव गरेका कुरा यहाँ गर्न सकिदैन भने होइन। मज्जाले गर्न सकिन्छ र त्यो सम्भव पनि छ तर गर्न सकिएको छैन। झन माओवादी १० वर्ष जनयुद्ध गरेर आएको पार्टी हो। पार्टीसँग थुपै अनुभव र दस्तावेजहरु छन्। त्यसलाई मात्र व्यवस्थित गर्न सकियो भने अरुलाई  देखाउन पर्याप्त हुन्छ। माओवादी एउटा इतिहास पनि हो र वर्तमान पनि हो। त्यसको बारेमा अरुलाई जानकारी दिन सक्यौ भने त्यो नै पर्याप्त हुन्छ।

पेरिसडाँडालाई माओवादी जनयुद्धकालको म्युजियम बनाउन सक्यो भने विश्वका लागि एउटा उदाहरण बन्न सक्छ। यी सब गर्न नसकिने पनि होइन मज्जाले सकिन्छ त्यसका लागि इच्छा शक्ति चाहिन्छ। माओवादीका पनि भातृ संगठन छन्, त्यसलाई परिचालन गर्न सकिन्छ, व्यवस्थित गर्न सकिन्छ। माओवादीको मिडियालाई व्यवस्थित गर्न सकिन्छ। ल्याब्रेरी पनि हामीसँग छ, त्यसलाई व्यवस्थित बनाउन सकिन्छ। सामाजिक सञ्जाललाई पार्टीको पक्षमा कसरी प्रयोग गर्न सकिन्छ त्यसलाई पनि व्यवस्थित गर्न सकिन्छ।

वैचारिक हिसाबले पार्टीका नेता तथा कार्यकर्तालाई कसरी प्रशिक्षित गर्न सकिन्छ त्यसको बारेमा पनि योजना बनाउन सकिन्छ। यो कुनै ठूलो कुरा नै होइन। पार्टीलाई जनताको जनसरोकारका विषयसँग कसरी जोड्न सकिन्छ, जनताको मनमा माओवादीलाई कसरी बसाउन सकिन्छ त्यसका लागि थुप्रै योजनाहरु बनाएर अगाडि बढ्न सकिन्छ। गर्न नसकिने केही पनि छैन, त्यसका लागि इच्छा शक्ति चाहिन्छ।

**त्यसो भए तपाईको बुझाईमा माओवादी अस्तव्यस्त छ होइन ?**

अस्तव्यस्त त होइन तर व्यवस्थित गर्न आवश्यक छ। भएका कुरालाई व्यवस्थित गर्नुपर्ने देखिन्छ। माओवादी जनयुद्ध लडेर आएको पार्टी हो। त्यसको आफ्नै नेचर र व्यवहार भएको कारण व्यवस्थित हुन गाह्रो हुनसक्छ तर नयाँ परिवेश र अवस्था अनुसार परिवर्तन गर्नुपर्ने आवश्यक छ।

**भाजपा र माओवादी वैचारिक हिसाबले फरक फरक पार्टी हुन् अनि सम्बन्ध कसरी बनाउन सकिन्छ ?**

वैचारिक हिसाबले फरक भएपनि जनहितमा काम गर्ने विषय एउटै हो। मानव कल्याणका लागि साझा भ्वाइस हो। आर्थिक समृद्धि र विकासका लागि एउटै सोच र विचार हो। पार्टीको उसको विचार, सिद्धान्त अन्तरिक जीवनमा लागु हुन्छ। बाहिर सबैको उद्देश्य जनताको सेवा नै हो। जनताका लागि विकास कसरी गर्न सकिन्छ, आर्थिक समृद्धि, देशको उन्नतीका लागि के गर्न सकिन्छ सायद सबैको एउटै उद्देश्य हुन्छ। भाजपाको विचार हामीभन्दा फरक होला तर मानव कल्याण, विकास निर्माण, समाजिक सम्बन्ध त पक्कै साझा छ नि। त्यसमा मिलेर काम गर्न सकिन्छ। एक अर्काको विचार र सिद्धान्तलाई हस्तक्षेप नगरी पनि कार्य गर्न सकिन्छ।

**भाजपा हिन्दुवादी पार्टी हो, माओवादी धर्मनिरपेक्षताका लागि लडेको पार्टी हो। भाजपाका चाहना नेपाल हिन्दु राष्ट्र होस् भन्ने हो। यस विषयमा तपाईहरुसँग कुनै कुराकानी भयो कि भएन ?**

भाजपा हिन्दु धर्ममा विश्वास गर्ने पार्टी हो, त्यसमा दुई मत छैन। हामी माओवादी धर्मनिरपेक्षताका लागि लडेको हौं। त्यसमा म खासै फरक देख्दिन किनभने भाजपाले हिन्दुलाई जसरी सम्मान गरेको छ, त्यसरी हामीले पनि गरेका छौं। हामीले हिन्दुलगायत अन्य धर्मलाई त्यतिकै प्राथमिकतामा राखेका छौं। एउटा धर्मका कारण अर्को धर्मप्रति अन्याय नहोस् भनि हाम्रो चाहना हो। सबै धर्म बराबर हुन्। मेरै कुरा गर्नुहुन्छ भने म हिन्दु धर्म मान्छु, सधैं पुजापाठ गर्छु तर अरुले आफ्नो धर्म मान्नु हुँदैन भने होइन। भ्रमणको क्रममा भाजपाले हिन्दु धर्मको बारेमा चर्चा पनि गरेन। नोटिस गर्ने कुरा के थियो भने माओवादीलाई अप्ठ्यारो हुने खालको कुनै पनि विषयवस्तु भाजपाले भ्रमणको क्रममा उठाएन। हिन्दु धर्म, कालापानी, लिपुलेक, सीमा विवादलगायत केही पनि विवादका विषयमा कुरा उठाएन। कुनै प्रकारको दबाव र प्रभाव थिएन। दुई देश र पार्टीको बीचमा कसरी सम्बन्ध बनाउन सकिन्छ त्यसको बारेमा मात्र कुराकानी भयो।

**तपाईका पार्टीका अध्यक्ष एवं प्रधानमन्त्री प्रचण्ड भारत भ्रमणमा गएको बेला उजैनमा महाकालेश्वर मन्दिरमा गर्नुभएको पुजापाठका कारण विवादमा पर्नुभयो तपाईहरु पनि देहरादुन गएर ऋषिकेशमा गंगा आरती गर्नुभयो यो हिन्दु धर्मलाई विशेष स्थान दिएको जस्तो भएन र ?**

मैले अघि भने नि हामी माओवादीले कुनै पनि धर्मलाई अपहेलना गर्दैनौं सबैलाई सम्मान रुपमा हेर्छौं। हाम्रो पार्टीका अध्यक्ष प्रचण्ड देशका प्रधानमन्त्री हुनुहुन्छ। प्रधानमन्त्रीको रुपमा भारत भ्रमणमा जानु भएको बेला त्यहाँका सरकारले मन्दिरको अवलोकन भ्रमण गरायो। पुजापाठको व्यवस्था पनि गरेको थियो। त्यतिबेला प्रधानमन्त्रीज्युले म पुजा गर्दिन भन्दिएको भए के हुन्थ्यो, विश्वमा रहेका करौडो हिन्दुको चित्त दुख्थ्यो। अनेकखालको टिप्पणी हुन्थ्यो। हिन्दु धर्मालम्बीको सम्मानका लागि, उनीहरुको आस्थाका लागि प्रधानमन्त्रीले पुजापाठ गर्नुभयो त्यसलाई अन्यथा लिनु हुँदैन जस्तो मलाई लाग्छ। हामी पनि नेपालबाट गंगा आरतीका लागि देहरादुन गएको होइन, भ्रमणको क्रममा ऋषिकेश पुग्दा आरतीमा सहभागी भएका हौं। त्यहाँका भाजपाका नेताहरुको त्यो सम्मान र आदर थियो। हामी उहाँको अतिथी थियौं उहाँहरुले दिएको सम्मान र आदर स्विकार गर्नु हाम्रो कर्तव्य थियो। यी कुराहरुलाई अन्यथा लिनु हुँदैन जस्तो लाग्छ मलाई।

**त्यहाँ भाजपाको सरकार छ, तर सरकार पक्षका कुनै पनि प्रतिनिधिसँग भेटघाट भएन भनिन्छ नि ?**

हामी भाजपाको निमन्त्रणामा भारत भ्रमणमा गएका थियौं। सरकार निमन्त्रणामा गएका थिएनौं। जसको निमन्त्रणामा गएका थियौं, त्यसले तयार पारेको कार्यतालिका, कार्ययोजना अनुसार हिड्नुपर्छ। उहाँहरुले आफ्नो तरिकाले तयारी गर्नुभएको थियो। त्यहीं अनुसार हामीले भ्रमण पुरा गर्‍यौं। सरकारी प्रतिनिधिसँग भेट्ने कुनै सेडुल नै थिएन। त्यही भएर सरकारी प्रतिनिधिलाई भेट्ने कुरा नै भएन। कोही कसैसँग अनौपचारिक भेटघाट गर्नु छुट्टै कुरा हो। तर हाम्रो सेडुलमा नरहेको कारण त्यसको बारेमा हामीले मतलबै राखेनौं। उद्देश्य एउटा, काम अर्को गर्नु हुँदैन।

# भारत पुगेपछि यस



**कट्रिना कैफको जन्म १६ जुलाई १९८३ मा हङकङको भिक्टोरियामा भएको थियो। उनका पिताको नाम मोहम्मद कैफ हो, उनका पुर्खाहरू कश्मीरका थिए।**

**कामको सिलसिलामा कट्रिना कैफकी आमा सुजैनले लगातार सहर र देश परिवर्तन गर्नुपरेको थियो। एकै ठाउँमा बस्न नसक्दा उनले आफ्ना छोराछोरीलाई विद्यालयमा भर्ना गर्न सकिनन्। छोराछोरीलाई पढाउन घरमा विभिन्न शिक्षक बोलाइन्थ्यो।**

**कट्रिना कैफको मोडलिङको समयमा केही एसियालीसँग मित्रता गाँसियो। ती एसियाली भारत भ्रमणमा जाँदै थिए। उनीहरुले कट्रिनालाई पनि सोधे। यसमा कट्रिनाले रुचि देखाइन् र भारत पुगिन्। भारत पुगेर कट्रिना मुम्बईमा भइरहेको एक फेसन शोमा पुगिन्।**

**बुवाले छोडेपछि कट्रिनाले आफ्नी आमा सुजैन टरकोटको थर प्रयोग गर्दै आएकी थिइन् तर फिल्ममा आउनका लागि उनले बुवाको थर प्रयोग गरिन्। मानिसलाई आफ्नो नाम बोलाउन सजिलो होस् भनेर उनले यसो गरेको बताएकी थिइन्।**

**कट्रिनाको डेब्यु फिल्म बूम फ्लप भए पनि उनलाई अन्य धेरै फिल्म र मोडलिङ प्रोजेक्टको अफर आउन थाले। लगातार काम पाएपछि कट्रिनाले भारतमै बसेर मोडलिङ करियरलाई अघि बढाउन थालिन्।**

सन् २००० मा बेलायती मूलकी १७ वर्षकी एक विदेशी किशोरीले आफ्ना केही साथीसँग भारत घुम्न आएकी थिइन्। भारतमा उनी फेसन शो हेर्न पुग्दा उनलाई एक फिल्म निर्माताको नजर पऱ्यो। उनले यहाँ नै फिल्मको प्रस्ताव पाइन्। छोटो भ्रमणका लागि भारत पुगेकी ती किशोरी लगातार फिल्ममा अभिनय गर्दै कहिल्यै विदेश फर्किइनन् र त्यहाँ नै विवाह गरेर घर बसाइन्।

ती किशोरी अरू कोही नभई कट्रिना कैफ हुन्। भारतमा मात्र होइन, विश्वमै फिल्म तथा मोडिलिङमा रुची राख्नेले कट्रिनालाई नचिन्ने कमै होला। भारतकी बार्बी गर्ल भनिने कट्रिनालाई अहिले कुनै परिचयको आवश्यकता पर्दैन। यद्यपि, यहाँसम्म आइपुग्न उनको यात्रा कठिनाइ र सङ्घर्षयुक्त रह्यो। कट्रिना कैफका पिताले उनका ६ भाइ बहिनी र आमालाई अस्वीकार गरेका थिए। यस्तोमा सबैको जिम्मेवारी आमाले एक्लै एक देशबाट अर्को देशमा कामको खोजी गर्दा गर्दै उठाइन्। कट्रिना कहिल्यै स्कुल जान पाइनन्, बाल्यकालमा कुनै सुख-सुविधा पनि पाइनन्। १४ वर्षमा उनले एक सौन्दर्य प्रतियोगिता जितेपछि उनको सफलताको यात्रा सुरु भयो।

**बुबाले अस्विकार गरेको परिवार**

कट्रिना कैफको जन्म १६ जुलाई १९८३ मा हङकङको भिक्टोरियामा भएको थियो। उनका पिताको नाम मोहम्मद कैफ हो, उनका पुर्खाहरू कश्मीरका थिए। मोहम्मद कैफका पुर्खाहरू अमेरिकामा बसाई सरे र त्यहाँ व्यापार गर्न थाले। कट्रिना कैफकी आमाको नाम सुजेन टुर्कोट हो, जो एक वकिल र सामाजिक कार्यकर्ता हुन्।

कट्रिनाका आमाबुवा विवाहपछि हङकङमा बसे। कट्रिना कैफको जन्म हङकङमा जेठो छोरा सेबास्टियन र तीन जेठी छोरी स्टेफनी, क्रिस्टिन र नताशापछि भएको थियो। कट्रिनाका तीन सानी बहिनी मेलिसा, सोनिया र इसाबेल पनि छन्।

केही समयपछि आपसी मतभेद बढ्न थालेपछि कट्रिनाका आमाबुवाको सम्बन्ध विच्छेद भयो। सम्बन्ध विच्छेद पछि बुबा मोहम्मद कैफले सुजैनको जिम्मामा ६ सन्तान छोडे र कहिल्यै आर्थिक वा अन्य सहयोग गरेनन्। बुबाले अस्वीकार गरेपछि आमाले विभिन्न सहरमा काम गरेर छोराछोरी हुर्काउन थालिन्। त्यस बेलादेखि आजसम्म कट्रिनाले आफ्नो बुवालाई भेट्न पाएकी छैनन्।

**आर्थिक अभावका कारण गएनन् स्कूल**

कामको सिलसिलामा कट्रिना कैफकी आमा सुजैनले लगातार सहर र देश परिवर्तन गर्नुपरेको थियो। एकै ठाउँमा बस्न नसक्दा उनले आफ्ना छोराछोरीलाई विद्यालयमा भर्ना गर्न सकिनन्। छोराछोरीलाई पढाउन घरमा विभिन्न शिक्षक बोलाइन्थ्यो।

कट्रिनाले सुरुमा हङकङमा केही वर्ष बिताइन्, त्यसपछि परिवार चीन गयो। त्यहाँबाट जापान, फ्रान्स, स्विट्जरल्याण्ड, पोल्यान्ड, बेल्जियम, हवाई र त्यसपछि लन्डन।

**यसरी फेरियो भाग्य**

परिवारको आर्थिक अवस्था देखेर कट्रिना सानैदेखि मोडलिङको दुनियाँमा प्रवेश गरिन्। १४ वर्षको उमेरमा, उनले हवाईमा आयोजित सौन्दर्य प्रतियोगितामा भाग लिइन् र जितिन्। यो जितपछि कट्रिनाले एउटा ज्वेलरी ब्रान्डका लागि मोडलिङ गर्ने मौका पाइन् र त्यसपछि उनलाई लगातार मोडलिङ प्रोजेक्टहरू आउन थाल्यो।

कट्रिनाको प्रतिभाले उनलाई लन्डन फेसन विकसम्म डोहोऱ्यायो र उनले लन्डनमै व्यावसायिक मोडलको रूपमा काम गर्न थालिन्।

**यसरी पुगिन् भारत**

कट्रिना कैफको मोडलिङको समयमा केही एसियालीसँग मित्रता गाँसियो। ती एसियाली भारत भ्रमणमा जाँदै थिए। उनीहरुले कट्रिनालाई पनि सोधे। यसमा कट्रिनाले रुचि देखाइन् र भारत पुगिन्। भारत पुगेर कट्रिना मुम्बईमा भइरहेको एक फेसन शोमा पुगिन्। यो शोमा फिल्म निर्माता कैजाद गुस्तादको नजर कट्रिनामा पऱ्यो। उनले त्यही शोमा कट्रिनालाई फिल्म अफर गरे। त्यो फिल्म सन् २००३ मा रिलिज भयो, फिल्मको नाम थियो 'बूम'। यसमा कट्रिनाले सुपर मोडल रिनाको भूमिका निभाएकी थिइन्। फिल्ममा उनीसँग अमिताभ बच्चन, गुलसन ग्रोभर, ज्याकी श्रोफ पनि मुख्य भूमिकामा थिए। फिल्ममा कट्रिनाले गुलसनसँग किसिङ सीन पनि दिएकी थिइन्।

**फिल्ममा आउने बित्तिकै फेरिन् थर**

बुवाले छोडेपछि कट्रिनाले आफ्नी आमा सुजैन टरकोटको थर प्रयोग गर्दै आएकी थिइन् तर फिल्ममा आउनका लागि उनले बुवाको थर प्रयोग गरिन्। मानिसलाई आफ्नो नाम बोलाउन

# री फेरियो केट्रिनाको भाग्य

सजिलो होस् भनेर उनले यसो गरेको बताएकी थिइन् ।

सन् २०११ मा मुम्बई मिररलाई दिएको एक अन्तरवार्तामा ज्याकी श्राफकी श्रीमती आयशा श्राफले कट्रिना बारे चकित पार्ने खुलासा गरेकी थिइन् । उनले कट्रिनाका बुवा बारे ठोस जानकारी नभएका कारण आफैंले उनको लागि पहिचान बनाएको दाबी गरिन् । उनले भनेकी थिइन्, 'कट्रिना एक सुन्दर, जवान विदेशी केटी थिइन् । हामीले भारतीय जनताका लागि उनलाई कश्मीरी पिताको नाम दिएका थियौं । हामीले सुरुमा उनको नाम कट्रिना काजी राखेका थियौं तर त्यो असाध्यै धार्मिक जस्तो लागिरहेको थियो ।'

'त्यति बेला क्रिकेटर मोहम्मद कैफ धेरै लोकप्रिय थिए, त्यसैले हामीले उनको बुबाको नाम मोहम्मद कैफ र उनको नाम बदलेर कट्रिना कैफ राख्यौं,' आयशाले भनेकी थिइन् ।

आयशाको यस्तो भनाइ बाहिरिएपछि कट्रिनाले यसको विरोध गर्दै यसलाई असाध्यै निकै पीडादायी बताइन् । स्मरण रहोस्, कट्रिनाको पहिलो फिल्म बूमको निर्माता आयशा श्राफ थिइन् । फिल्म फ्लप हुँदा १८ करोड घाटा लागेको थियो । जसका कारण आयशा यति ऋणमा डुबेकी थिइन् कि उनले आफ्नो घरको फर्निचर समेत बेच्नु परेको थियो ।

**किङफिशर क्यालेन्डरको विज्ञापन**

कट्रिनाको डेब्यु फिल्म बूम फ्लप भए पनि उनलाई अन्य धेरै फिल्म र मोडलिङ प्रोजेक्टको अफर आउन थाले । लगातार काम पाएपछि कट्रिनाले भारतमै बसेर मोडलिङ करियरलाई अघि बढाउन थालिन् । इन्डियन फेसन विकमा फेसन डिजाइनर रोहित बहलका लागि वाक गर्दा कट्रिना कैफ निकै चर्चामा आएकी थिइन् । यसपछि उनी किङफिसर क्यालेन्डर, कोकाकोला, एलजी, फेभिकोलको एडमा पनि देखिइन् ।

महेश भट्टले कट्रिना कैफलाई फिल्म 'साया' मा साइन गरेका थिए । अघिल्लो फिल्ममा उनको उच्चारणको निकै आलोचना भएको हुनाले उनले यो भूमिकाका लागि हिन्दी भाषा सिकिन् । कट्रिनाले फिल्मको अडिसन दिंदा महेश उनको अभिनयबाट सन्तुष्ट थिए, तर पहिलो दिनको सुटिङ सुरु भएपछि उनलाई कट्रिनाको अभिनय चित्त बुझिरहेको थिएन ।

अडिसनमा कट्रिनाले जस्तो अभिनय गरेकी थिइनन्, उनले सुटिङमा गर्न नसकेको भन्ने लाग्यो । त्यसैले महेशले पहिलो दिनमै कट्रिनालाई फिल्मबाट निकालि दिए । फिल्ममा जोन अब्राहमसँगै तारा शर्मालाई कास्ट गरिएको थियो ।

**तेलुगु फिल्मको अभिनेत्री**

बलिउडमा काम नपाएपछि कट्रिनाले तेलुगु फिल्म मल्लिसवारी (२००४) मा काम गरिन् । यस फिल्मका लागि ७.५ लाख पारिश्रमिक लिएर कट्रिना साउथकी सबैभन्दा धेरै पारिश्रमिक लिने अभिनेत्री बनिन् । यस फिल्मका लागि कट्रिनालाई फिल्म फेयरमा साउथको सर्वोत्कृष्ट अभिनेत्रीको लागि मनोनयन गरिएको थियो । त्यसको अर्को वर्ष फिल्म सरकारमा कट्रिना अभिषेक बच्चनकी प्रेमिकाको भूमिकामा देखिइन् ।

**सलमानको पहिलो भेट**

मोडलिङका दिनमा कट्रिना कैफको दोस्ती सलमान खानकी बहिनी अलविरा खानसँग भयो । दोस्ती बढेपछि अलविराले कट्रिनालाई सलमानको जन्मदिनको पार्टीमा बोलाइन्, जुन उनको घरमा भइरहेको थियो । कट्रिना उनको घर पुग्दा सलमान खान अचानक सर्ट नलगाईकन कोठामा आइपुगे । सलमानलाई शर्टलेस देखेर कट्रिना बेस्सरी हाँस्न थालिन् ।

कट्रिना भारतमा नयाँ थिइन् र सलमान खान एक सुपरस्टार हुन् भन्ने उनलाई थाहा थिएन । कट्रिनालाई हाँसिरहेको देखेर सलमानले स्पष्टीकरण दिंदै भनेका थिए, 'म भर्खरै नुहाएर आएको हुँ । पाहुना आइसकेका छन् र मेरो प्रतीक्षा गरिरहेका छन् भन्नेबारे मलाई पहिले थाहा थिएन । त्यसपछि पार्टीमा यी दुईबीच छोटो कुराकानीमा नै दोस्ती भयो ।

त्यसको केही समय पछि नै सलमानले कट्रिनालाई आफ्नो अर्को फिल्म 'मेने प्यार क्यों किया' को अफर दिए । फिल्ममा मोडल



बनेकी कट्रिनालाई सलमानको साथले देश भरी पहिचान दिलायो र यहाँबाट नै उनको करियरको दोस्रो इनिङ सुरु भयो । पछि कट्रिनाले 'हमको दिवाना कर गए, नमस्ते लन्डन, वेलकम, पार्टनर, सिंह इज किङ, अजब प्रेमकी गजब कहानी र राजनीति जस्ता थुप्रै हिट फिल्ममा देखिइन् ।' सँगै काम गर्दा गर्दै कट्रिना कैफ र सलमान खान नजिकिए । दुबै जना एक-अर्काका लागि निकै सिरियस थिए । कट्रिना आफैंले पनि उनको जीवनको यो पहिलो सिरियस सम्बन्ध थियो भनेर स्वीकारेकी थिइन् । सन् २००७ मा कालो हरिण सिकारको मुद्दामा सलमान खान जेल जाँदा उनका लागि प्रार्थना गर्न कट्रिना अजमेर शरिफ गएकी थिइन् । यी दुई धेरैजसो सँगै समय बिताउँथे ।

सलमान कुनै कामले बाहिर जाँदा उनले आफ्ना इमानदार बडीगार्ड शेरालाई कट्रिनाका लागि तैनाथ गर्दथे । धूम थ्रीको रिलिज अघि आमिर खानले आफू सलमान र कट्रिनाको विवाह भएको हेर्न चाहेको बताएका थिए । तर समयसँगै कट्रिना र रणवीर कपुर नजिकिए र सलमानसँग उनको सम्बन्ध तोडियो । अलग्गिएपछि पनि सलमान र कट्रिना टाइगर जिंदा है, भारतजस्ता फिल्ममा सँगै देखिए ।

कट्रिना कैफ सन् २००७ मा आएको फिल्म नमस्ते लन्डनमा अक्षय कुमारको अपोजिट देखिएकी थिइन् । फिल्मका निर्देशक विपुल अमृतलाल शाह थिए । फिल्म तयार भएपछि विपुलले कट्रिनालाई फिल्म हेर्न बोलाए । फिल्म देखाएपछि विपुलले कस्तो लाग्यो भनेर सोधे । कट्रिनाले केही नभनी चुपचाप त्यहाँबाट आफ्नो घर गइन् ।

कट्रिनालाई फिल्म पटक्कै मन परेन । उनलाई यो फिल्म पछि आफ्नो करियर बरबाद हुने महसुस भयो, त्यसैले उनले भारत छोड्नका लागि आफ्नो सामान प्याक गर्न सुरु गरिन् । केही समयपछि विपुलका सहायकले कट्रिनालाई फोन गरेर फिल्मबारे जवाफ नदिईकनै घर फर्किएका कारण विपुल रिसाएको जानकारी दिए । यो सुनेर कट्रिनाले विपुललाई फोन गरिन् र फिल्मको झुटो तारिफ गर्न थालिन् । उनले फिल्म रिलिज नभएसम्म भारतमै बस्ने निर्णय गरिन् । जब फिल्म रिलिज भयो, तब कट्रिनाको सबै भ्रम हट्यो किनभने यो फिल्म निकै हिट भयो । करीना कपुरले राष्ट्रिय टेलिभिजनमा कट्रिनालाई बुहारी भनेर सम्बोधन गरेकी थिइन्

सलमान खानबाट अलग भएपछि कट्रिना कैफको नाम रणवीर कपुरसँग जोडिएको थियो । उनीहरूको सम्बन्ध सन् २०१३ मा स्टारडस्टमा प्रकाशित फोटोसहित पुष्टि भएको थियो । आफ्ना निजी तस्बिर सार्वजनिक भएपछि कट्रिना निकै रिसाएकी थिइन् । केही समयपछि दुवैले लिभ-इनमा बस्न थाले र विवाहको खबर पनि आउन थाल्यो ।

यसैबीच, एक पटक करीना कपूर करण जोहरको शो कफी विथ करणमा रणवीरसँग पुगेकी थिइन् । र्यालपिड फायर राउन्डमा करणले करीनालाई कुन अभिनेत्रीसँग गे इन्काउन्टर गर्न सकिन्छ भनेर सोधे । यसको जवाफमा करीनाले आफ्नी बुहारी कट्रिनासँग गे इन्काउन्टर गर्न सहज हुने बताएकी थिइन् । करीनाको यो जवाफले रणवीर र कट्रिनाको विवाहको खबर बाहिरियो । तर सन् २०१६ मा यी दुई अचानक अलग्गिए ।

**विक्कीसँग पहिलो भेट**

फिल्मफेयरलाई दिएको एक अन्तर्वार्तामा कट्रिना कैफले सन् २०१९ मा आफू सिंगल भएको बताएकी थिइन् । त्यसको केही समयपछि करणले कफी विथ करणमा कट्रिनालाई कोसँग फिल्म गर्न चाहन्छिन् भनेर सोधे । त्यसपछि उनले विक्की कौशलको नाम लिइन् । केही समयपछि, करणले सोही शोमा विक्कीलाई यो कुराबारे बताउँदा उनी लजाउन थाले । विक्कीले सन् २०१९ मा सलमानको अगाडि कट्रिनालाई प्रपोज गरेका थिए । सन् २०१९ मा, विक्की कौशलले स्टार स्क्रिन अवार्डमा खुलेरै आफ्नो प्रेम व्यक्त गरे । उक्त अवार्ड शोमा सलमान पनि सहभागी थिए । विक्कीले स्टेजबाट भनेका थिए, 'म तपाईंको ठूलो फ्यान हुँ । बिहेको सिजन चलिरहेको छ, तपाईंले पनि विक्की कौशललाई खोजेर विवाह किन गर्नुहुन्न ?' त्यसपछि विक्कीले सोधे, 'मसँग विवाह गर्नुहुन्छ ?'

जवाफमा कट्रिनाले भनिन्, 'हिम्मत छैन ।' त्यसपछि उनीहरूलाई विभिन्न कार्यक्रममा सँगै देख्न थालियो । दुवैको सम्बन्धको खबर आयो तर दुवैले हरेक पटक अस्वीकार गरे ।

**हुडीले खोल्यो सम्बन्धको पोल**

२०२० मा वर्षाको मौसममा, कट्रिनाले सेतो हुडीमा एउटा तस्बिर साझा गरेकी थिइन् । उक्त हुडी विक्कीको थियो । सन् २०२१ मा, विक्की-कट्रिनाले निर्देशक कबीर खानको घरमा गोप्य रोका समारोह गरे, जसमा केही नजिकका साथीहरू मात्र उपस्थित थिए । कट्रिना करिब २२४ करोड भारुकी मालिक हुन् । कट्रिनाले एउटा फिल्मको लागि ११ करोड पारिश्रमिक लिन्छिन् । कट्रिना ब्युटी ब्रान्ड 'के ब्युटी' की मालिक हुन् । यसबाहेक उनी नायका फेशन र कस्मेटिक ब्रान्डकी पनि लगानीकर्ता हुन् । मिडिया रिपोर्टका अनुसार कट्रिनाले नायकामा ४ करोड भारु लगानी गरेकी थिइन्, यसबाट उनले २४ करोड भारु पाइन् ।

*(दैनिक भास्करबाट सम्पादनसहित नेपालीमा रुपान्तरण)*

# काँग्रेसमा श्रीमतीमार्फत छिर्दैछ हिन्दु राष्ट्रको कुरा

नेपाली काँग्रेसमा तीन श्रीमतीको विशेष चर्चा हुने गरेका छन् । काँग्रेसका सभापति शेरबहादुर देउवाका श्रीमती आरजु राणा देउवा, जेलमा रहनु भएका काँग्रेसका नेता बालकृष्ण खाँणका श्रीमती मञ्जु खाँण र काँग्रेसका नेता एवं परराष्ट्र मन्त्री एनपी साउदका श्रीमती ज्योत्सना साउद काँग्रेस पार्टीका चर्चित श्रीमतीहरु हुनुहुन्छ । उहाँहरु नेपालको राजनीतिकदेखि समाजिक कार्यमा पनि दख्खल राख्नु भएको हुनाले चर्चामा रहि रहनु हुन्छ । तीन जनामध्ये आरजु र मञ्जु नेपाली राजनीतिका चर्चित अनुहार हुनुहुन्छ । उहाँहरु प्रतिनिधि सभाका सदस्य पनि हुनुहुन्छ । ज्योत्सना पनि काँग्रेस पार्टीका केन्द्रीय सदस्य हुनुहुन्छ । तर राजनीतिमा आरजु र मञ्जु जस्तो हस्तक्षेपकारी भूमिकामा हुनुहुन्न ।

विश्व हिन्दु महासंघमा मधेश प्रदेशबाट उपाध्यक्ष बन्नु भएका ज्योत्सनाले समाजिक काममा विशेष रुची राख्नु हुन्छ । र, त्यसैमार्फत उहाँ विशेष चर्चामा रहदै आउनुभएको छ । भारतका सत्तारुढ दल भारतीय जनता पार्टीसँग विशेष सम्बन्ध राख्नु भएका ज्योत्सनाले नेपाललाई हिन्दु राष्ट्र बनाउनु पर्छ भनि अभियानमा हुनुहुन्छ । हिन्दु राष्ट्रको कुरा काँग्रेस पार्टीमा लैजाने ज्योत्सना नै हुनुहुन्छ । हिन्दु राष्ट्रका लागि आफ्नो श्रीमान एनपी साउदलाई समेत कन्भिनस गरिसक्नु भएका उहाँले नेपाललाई कुनै पनि हालतमा हिन्दु राष्ट्र बनाउनु पर्छ अभियानलाई साथ दिनका लागि नै विश्व हिन्दु महासंघमा आवद्ध हुनुभएको हो ।

नेपाली काँग्रेसका एक जना केन्द्रीय सदस्य भन्नुहुन्छ, 'हिन्दु राष्ट्रका लागि ज्योत्सना भाउजु जतिको कट्टर एनपी दाजु हुनुहुन्न तर पार्टीमा हिन्दु राष्ट्रको कुरा उठ्यो भने उहाँले नाइ भन्नुहुन्न ।' डा.शशांक कोइरालालगायत अन्य माध्यमबाट काँग्रेस पार्टीमा हिन्दु राष्ट्रको कुरा उठेकै हो त्यसमा प्रत्यक्ष र अप्रत्यक्ष एनपी साउदको समर्थन हुन्छ नै । त्यसको कारण हुनुहुन्छ, ज्योत्सना साउद । प्रधानमन्त्री प्रचण्ड जेठमा भारत भ्रमणमा गएको बेला महाकालेश्वरमा भव्य पुजा पाठ गराउनेमा ज्योत्सनाको पनि सुझाव रहेको बुझिएको छ । भ्रमण टोलीमा रहनु भएका एनपी साउद पुजापाठमा त्यति मतलब राख्नु हुन्न । तर ज्योत्सनाको करकापमा उहाँले महाकालेश्वरमा गेरुवावस्त्र धारण गरेर पुजापाठ गर्न तयार हुनुभएको बताइन्छ ।

गेरुवस्त्रमा रहेका प्रधानमन्त्री र मन्त्रीहरूले पूजा गरेपछि १०८ किलोग्राम रुद्राक्ष पनि चढाउनु भएको थियो । मन्दिरमा चढाएको सो रुद्राक्ष एनपी साउदले नै लग्नुभएका थियो । महाकालेश्वर मन्दिरमा रुद्राक्ष चढाएको विषयले परराष्ट्र मन्त्री साउद चर्चामा रहनु भयो । र यी सबै काममा ज्योत्सनाको हात रहेको स्रोतहरुको दावी छ । विश्व हिन्दु महासंघले 'राष्ट्ररक्षा र धर्मरक्षाको महाअभियान, हिन्दू राष्ट्र नेपालको एक मात्र पहिचान' लाई आत्मसात् गर्दै आएको छ । सन् २०१६ मा स्थापना भएको महासंघको 'केवल कार्यले हामीलाई परिभाषित गर्नेछ (अस्माकं कार्याणि अस्मान्सावधीकरिष्यंति)' भन्ने दर्शन रहेको छ । यही दर्शनलाई आत्मसात गर्नुभएका ज्योत्सना हिन्दु राष्ट्र स्थापनाका लागि अभियान चलाई रहनु भएको छ ।

भारतीय जनता पार्टीका विदेश विभाग प्रमुख डा.विजय चौथाईवालेले जसरी आरजु देउवासँग पारिवारिक सम्बन्ध बनाउन सफल हुनुभएको छ । त्यसरी ज्योत्सनासँग पनि सम्बन्ध बनाउनु भएको छ । हिन्दु धर्मका लागि भाजपाका नेताहरुले ज्योत्सनाको सम्पर्कमा हुन्छन् । सुदुरपश्चिम प्रदेश सरकारको सहयोग र सुदुरपश्चिम विश्वविद्यालयको मूख्य आयोजनामा गत अप्रिलमा भएको मनसखण्ड सम्मेलनलाई सफल बनाउन विश्व हिन्दु महासंघका उपाध्यक्ष रहनु भएका ज्योत्सना साउद पनि लाग्नु भएको थियो । त्यतिबेला उहाँले सामाजिक सञ्जाल ट्विटरमा सो सम्मेलनले नेपाल भारत सम्बन्धलाई आध्यात्मिक र सांस्कृतिक रूपमा बलियो पार्ने र धार्मिक पर्यटनलाई प्रवर्द्धन गर्ने बताउनु भएको छ । उहाँले ट्वीटरमा लेख्नु भएको थियो, ' सुदुरपश्चिममा आयोजित 'मानसखण्ड सम्मेलन' यस क्षेत्रको भौगोलिक, आध्यात्मिक र पर्यटकीय विकासको दृष्टिकोणले अत्यन्त महत्वपूर्ण रहेको छ । माननीय डा.आरजु देउवाज्यूको प्रमुख आथित्यता र भाजपाका विदेश विभाग प्रमुख डा.विजय चौथाईवालेज्यूको विशिष्ट आथित्यताले सम्मेलनलाई थप गरिमामय र बिशिस्ट बनाएको छ ।' सो सम्मेलन सम्पन्न भएपछि भाजपाका विदेश विभाग प्रमुख चौथाइवाले काठमाडौं पनि आउनु भएको थियो । प्रधानमन्त्री प्रचण्डदेखि परराष्ट्र मन्त्री एनपी साउद, काँग्रेसका सभापति शेरबहादुर देउवा, एमालेका अध्यक्ष केपी शर्मा ओलीसँग पनि भेटेर फर्किनु भएको थियो ।

## आरजुको मिसन मधेश

नेपाली काँग्रेसका नेतृ आरजु राणा देउवा मधेशतिर 'मुभ' गर्नुभएको छ । सर्लाही क्षेत्र नम्बर ४ मा भएको कार्यकर्ताको भेलामा मुख्य अतिथी भएर जानु भएका आरजु राणा देउवा आफ्नो राजनीतिक कर्मभूमी मधेशलाई बनाउन चाहनु भएको छ । सुदुरपश्चिको कैलालीबाट चुनाव हार्नुभएका आरजु आफ्नो चुनावी क्षेत्र मधेशलाई बनाउने सोचका साथ पटक पटक मधेशतिर ध्यान दौडाउनु भएको छ । २०७४ मा कैलाली-५ बाट चुनाव हारेपछि २०७९ मा पुनः त्यहाँबाट चुनाव लड्ने चर्चा थियो । उहाँले आफै पनि घोषणा गर्नुभएको थियो तर पछि त्यहाँबाट चुनाव जित्ने अवस्था नदेखेपछि पछाडि हट्नु भएको थियो । समानुपातिकबाट प्रतिनिधि सभा सदस्य बन्नुभयो । सभापतिको श्रीमती भएकै कारण समानुपातिक सदस्य बन्न सफल भएको भन्दै पार्टीका उहाँको आलोचना हुने गरेको छ ।

सोही आलोचनाका कारण उहाँले अहिलेदेखि नै आफ्नो चुनावी क्षेत्र सुरक्षित बनाउन दौडधुपमा लाग्नुभएको छ । अगामी चुनाव जसरी पनि जित्ने गरी उहाँ गृहकार्यमा लाग्नुभएको छ । त्यसमा उहाँको पहिलो रोजाई मधेश परेको छ । मधेशमा पनि कुन जिल्लाबाट चुनाव लड्ने अहिले यकिन भएको छैन । कतिपय कार्यकर्ताले उहाँलाई सर्लाहीबाट चुनाव लड्न सुझाव दिइरहेका छन् भने कतिपयले धनुषा त कतिपयले महोत्तरीबाट चुनाव लड्न सुझाव दिइरहेका छन् । तर आरजुले हालसम्म त्यसको बारेमा मुख खोल्नुभएको छैन ।

मधेश प्रदेश काँग्रेसका एक नेताले भन्नुभयो, 'आरजु म्यामले मधेशबाट चुनावै लड्छु भनि खुलेर भन्नुभएको छैन तर उहाँको उपस्थिति र क्रियाशिलता हेर्दा चुनावकै तयारीमा लाग्नुभएको छ जस्तो लाग्छ ।' त्यसैका लागि उहाँ पटक पटक मधेश गइरहनु हुन्छ । नेपाली राजनीतिमा सक्रिय हुनुभन्दा पहिले उहाँ समाजिक कार्यक्रममा व्यस्त हुनुहुन्थ्यो । महिलाको हकहितमा उहाँले विभिन्न कार्यक्रमहरु गर्दै आउनु भएको थियो । शेरबहादुर देउवा गृहमन्त्री भएको बेला आरजुले विहे गर्नुभएको थियो । त्यतिबेला पनि उहाँले राजनीतिसँग मतलब राख्नुहुन्थेन । देउवा प्रधानमन्त्री भएपछि पनि उहाँलाई राजनीतिमा चासो बढी रहेको थिएन । प्रधानमन्त्री पत्नी भएको कारणले राज्य संयन्त्रमा आफ्नो बर्चस्व राख्नुहुन्थ्यो, हस्तक्षेप गर्नुहुन्थ्यो तर राजनीतिमा उहाँले कहिले हस्तक्षेप गर्नुभएन । जब पार्टीमा गुटबन्दी बढ्यो । शेरबहादुर देउवा आत्मरक्षाको अवस्थामा पुग्नुभयो अनि उहाँ पार्टीमा सक्रिय हुनुभयो । २०७८ मा भएको १४ औं महाधिवेशनबाट लोकप्रिय मतले केन्द्रीय सदस्यमा विजय भएपछि उहाँ पार्टीमा थप सक्रिय हुनुभयो । शेरबहादुर देउवाले पनि आरजुलाई आफ्नो उत्तराधिकारीको रुपमा प्रस्तुत गर्न थाल्नुभयो । तर आरजुका लागि संसदीय राजनीति त्यति फलदायी भएन । उहाँले कहिले पनि चुनाव जित्न सक्नुभएन । दुवै संविधान सभामा समानुपातिकबाट सदस्य बन्नुभएका उहाँ २०७४ मा चुनाव हार्नुभएको थियो । यसपटक उहाँ पुनः समानुपातिकबाट नै प्रतिनिधि सभा सदस्य बन्नुभएको छ ।

डडेलधुरा, असीग्राम स्थायी ठेगाना भई काठमाडौं, बुढानीलकण्ठ निवासी आरजु भारतबाट मनोविज्ञानमा विद्यावारिधि (पीएचडी) गर्नुभएको छ । राप्रपा नेत्री आफ्नी आमा प्रतिभा राणा लामो समयदेखि राजनीतिमा क्रियाशील रहेकाले समेत राजनीतिप्रति आफ्नो चासो बढेको आरजुले बताउने गर्नुहुन्छ । राजनीति बाहेक एनजिओ, आईएनजिओ, शिक्षा र स्वास्थ्य जस्ता सामाजिक क्षेत्रका दर्जनौं संघ संस्थाहरुमा उहाँको प्रत्यक्ष अप्रत्यक्ष सहभागीता रहने गरेको छ । एक छोराकी आमा देउवा सुरक्षित मातृत्व संजालुको संचालनमा समेत सक्रिय रहनुभएको छ । देशमा कुनै बिपत आइलाग्यो भने सययोग गर्न उहाँ अघि बढ्नु हुन्छ । र मधेश जाँदा उहाँले यो कुराको पनि उजागर गर्नुहुन्छ । मधेश महिलाको विकासका लागि आफूले केही गर्न चाहेको कुरा उहाँले पटक पटक भन्दै आउनु भएको छ ।

## प्रधानमन्त्रीको नाम जोडिएको कार्यक्रममा गोलमाल

प्रधानमन्त्री स्वरोजगार कार्यक्रम अन्तरर्गत सञ्चालित योजनामा काम गरेको श्रमिकलाई भगवानपुर गाउँपालिकाले पारिश्रमिक भुक्तानी नदिएको बिरुद्धमा श्रमिकहरु आन्दोलित भएका छन् । पारिश्रमिकका लागी उनीहरुले श्रमिक जितनी पासमानको अध्यक्षतामा १७ सदस्यीय संघर्ष समिति गठन गरेको छ ।

सिरहाको भगवानपुर गाउँपालिका वडा नम्बर २ मा सञ्चालित प्रधानमन्त्री स्वरोजगार कार्यक्रम अन्तरर्गतका योजनामा काम गरेका श्रमिकमध्ये ७५ प्रतिशतले पारिश्रमिक नपाएको आरोप श्रमिकहरुको रहेको छ । प्रधानमन्त्री स्वरोजगारअन्तर गत १७ लाख रुपियाँको कार्यक्रम थियो । एक सय दिन काम गरेपछि ती सबै रकम मजदुरहरुले नै पाउने सहमति भएको थियो । १७ जना मजदुरले त्यहाँ सय दिन काम पनि गरे । तर सहमति अनुसार उहाँहरुको खातामा रकम गएको छैन । सो कार्यक्रमका संयोजक डम्बर यादवले हालसम्म तीन लाख ४५ हजार रुपियाँ मात्र भुक्तानी दिनुभएको काम गरेका मजदुरले बताए ।

भगवानपुरका स्थानीय शिक्षक महेश यादवका अनुसार सहमति अनुसार दैनिक ६५० रुपियाँको दरले एक जना श्रमिकले सय दिनको ६५ हजार रुपियाँ पाउनुपर्ने हो तर प्रधानमन्त्री स्वरोजगार कार्यक्रमले मजदुरको पुरा रकम नदिएको गोलमाल गरेको छ । १७ जनामध्ये ११ जनामा अलिअलि रकम गएका छन् बाँकी ६ जनाको खातामा सुको रकम पनि गएको छैन । १३ लाख रुपियाँमध्ये हामीलाई तीन साढे तीन लाख रुपियाँ मात्र दिएको छ, अरु पैसा त्यहाँका कर्मचारीले आफै खाएका छन् । हामीले मेहनत गरे अनुसार रकम पाउनुपर्छ त्यसका लागि हामी आन्दोलन गरिरहेका छौ, आन्दोलनमा उत्रिनु भएका कपुर कुमारी चौधरीले भन्नुभयो, 'हामी सय दिनभन्दा बढी नै काम गरेका छौं नभए हाजिर चेक गरोस्, हामी त्यति माग्दैनौ सिर्फ हाम्रो १०० दिन बराबरको पारिश्रमिक दियोस् ।'

यो कार्यक्रम गत आर्थिक वर्षको नै हो । रकम भुक्तानी गरेर खाता पनि क्लोज भइसकेको छ । कार्यक्रमका संयोजक डम्बर यादवले उनीहरुले पाउनुपर्ने रकम आफूहरुले दिइसकेको र बाँकी रकम फ्रिज भइसकेको दावी गर्नुभयो । मजदुरहरुले आफ्नो खातबाट रकम झिकेका छैनन् । सबै रकम नपाएसम्म रकम पनि नझिक्ने आन्दोलन पनि नरोकिने उनीहरुको अडान छ ।

## सिरहा क्याम्पस धारासायी हुनेमा जिम्मेवार को ?

ढिलै भएपनि स्वतन्त्र विद्यार्थी युनियन सिरहाले सिरहा क्याम्पसको बारेमा चिन्ता र चासो लिएर बहस र पैरवी गराएको छ । क्याम्पसको समस्याको पहिचान र समाधानका उपाय बिषयमा सरोकारबालाहरुलाई राखेर बहस गराउनु आफैमा सकारात्मक कुरा हो तर त्यो अनुसारको सुधार हुनु पनि आवश्यक छ । स्वतन्त्र विद्यार्थी यूनियन,सिरहाले आयोजना गरेको अन्तरक्रिया कार्यक्रमका सहभागीहरुले, मास्टर डिग्रीसम्म पढाइ हुने सूर्यनारायण सत्यनारायण नारायण मोरवैता यादव बहुमुखी क्याम्पस, सिरहाको पुस्तकालयमा पुराना पुस्तकहरु मात्र बाँकी छन् ।

करिब २० वर्षदेखि नयाँ पुस्तकहरु त्यहाँ राखिएको छैन । पुराना पुस्तकहरु भएको कारणले त्यहाँ पाठक तथा विद्यार्थीहरु जान छाडेका छन् । क्याम्पसमा अभावै अभाव छ । तराई मधेशको शिक्षाको हब जस्तै परिचित त्यो क्याम्पसको अवस्था हेर्दा जो कोहीको मन रुन्छ तर त्यहाँका व्यवस्थापन कानमा तेल हालेर बसेको गुनासो अन्तरक्रियामा भयो । उदयपुर, धनुषा, महोत्तरी, सप्तरी, सुनसरीसम्मका विद्यार्थी यो क्याम्पसमा पढ्न आउँथे । यो क्याम्पसको पठन पाठनको चर्चा देशैभर हुन्थ्यो तर व्यवस्थापनको लापरवाहीको कारण क्याम्पस भुतघरको रुपमा परिणत भइरहेको गुनासो सरोकारबालाहरुले गरेका छन् ।

प्राध्यापकको अभावको कारण नियमित पठन पाठन हुँदैन, भएका प्राध्यापकहरु पनि कक्षामा जाँदैनन्, शाखाहरुमा कर्मचारीको अभाव छ, भएका कर्मचारीहरु पनि आआफ्नो शाखामा बस्दैनन् । यस्ता  समस्याहरु प्रतिक क्याम्पस प्रशासन संबेदनशिल नरहेको आरोप सहभागीहरुले लगाएका छन् ।     क्याम्पसका विद्यार्थी, प्राध्यापक, कर्मचारी र विद्यार्थीलगायतको सहभागितमा भएको सो कार्यक्रमको अध्यक्षता स्वतन्त्र विद्यार्थी युनियन, सिरहाका सभापति दिपेन्द्र यादवले गर्नुभएको थियो ।

कार्यक्रमका प्रमुख अतिथि सिरहा क्याम्पसका प्रमुख रामहीत  यादवले लामो समय सम्म स्वतन्त्र विद्यार्थी युनियनमा पदाधिकारी रिक्त रहेको र क्याम्पसमा अनावश्यक राजनीतिक हस्तक्षेपका कारण कामकाज गर्न गाह्रो भएको भन्दै आफ्नो जिम्मेवारी र उत्तरदायित्वबाट पन्छिने काम गर्नुभयो । क्याम्पस प्रशासन र विद्यार्थी युनियन बीचको समन्वय र सहकार्य बीना यस्ता समस्याहरुको समाधान नहुने भन्दै उहाँले समस्या समाधानका लागी आफुले स्वबियुसँग सहकार्य गरी अगाडी बढ्ने प्रतिवद्धता जनाउनुभयो । लामो समयदेखि धारासायी बनेको सिरहा क्याम्पसमा स्वतन्त्र बिद्यार्थी युनियनको सभापतिमा दिपेन्द्र यादवसहितको पदाधिकारी आएपछि क्याम्पसको अवस्थामा परिवर्तन आउने विश्वास सिरहावासीले गरेको छ ।



# मधेशको कथामा निकिता

लेखक तथा निर्देशक निर्मल पौडेलको सर्ट फिल्म 'निलो आकाश' मा पूर्व मिस नेपाल निकिता चाण्डकले मुख्य भूमिकामा अभिनय गरेकी छन् । फिल्ममा तराई मधेशको पात्रको रुपमा उनले अभिनय गरेकी हुन् । यो लघु चलचित्रले मधेशका महिलाको कथा उठान गरेको छ । निलो आकाश सर्ट फिल्मका लागि निकिताले आफ्नो तस्विरको लुक पनि सार्वजनिक गरेकी छन् । निकिता सन् २०१७ मिस नेपालको विजेता हुन् । निकिता आफ्नो चलचित्र यात्रामा 'रानी महल' बाट क्यारियरको सुरुवात गर्नुभएको थियो । तर, आन्तरिक विवादका कारण यो चलचित्र बन्न सकेको थिएन । अभिनेता विराज भट्टको निर्माण तथा निर्देशन रहेको चलचित्र 'साङ्लो' मा निकिताले मुख्य अभिनेत्रीको भूमिका निभाएकी छिन् । यो चलचित्र २०७६ माघ २४ गतेदेखि प्रदर्शनमा आएको थियो । निर्मल पौडेल निर्देशित लघु फिल्म 'निलो आकाश' ले सुटिङ सम्पन्न गरेर हाल पोष्ट प्रोडक्सनको काम गरिरहेको छ । फिल्मको सिनेमा टोग्राफी दीपंकर सिक्देरले गरेका छन् । उनी भारतीय सिनेमाटोग्राफर हुन् । बलिउडमै काम गरिरहेका उनीउक्त सर्ट फिल्म खिच्न नेपाल आएका थिए । सुरज यादव, सुरभी सापकोटा लगायत कलाकार हरुको अभिनय रहेको सर्टफिल्म 'निलो आकाश' लाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय फिल्म फेस्टिबलहरुमा प्रदर्शन गर्ने योजना रहेको निर्देश कपौडेलले बताए ।

# मैथिली गायन पुरस्कार कञ्चनलाई



मधुश्रावणी पर्वको अवसरमा प्रदान गरिँदै आएको उर्मिलादेवी मैथिली गीत गायन पुरस्कार राजविराज नगरपालिका-४ की कञ्चन झालाई प्रदान गरिने भएको छ । प्रेस स्वतन्त्रता सेनानी वैद्यनाथ झाद्वारा भाइबुहारी उर्मिलादेवी झाको स्मृतिमा स्थापित पुरस्कारबाट यस वर्ष मैथिली लोकगीत गायिका कञ्चनलाई पुरस्कृत गर्ने निर्णय गरिएको उनले जानकारी गराए । झाका अनुसार मैथिली साहित्य परिषद्को समन्वयमा सो पुरस्कार कञ्चनलाई दिने निर्णय गरेको हो ।

मैथिली साहित्य परिषद्का आजीवन सदस्य मैथिली गीत गायिका उर्मिलादेवीको पाँच वर्षअघि मधुश्रावणी पर्वकै समयमा मोरङको विराटनगरमा भएको दुर्घटनामा मृत्यु भएको थियो । उर्मिलाकै स्मृतिमा उनका जेठाजु प्रेस स्वतन्त्रता सेनानी झाले चार वर्षदेखि पुरस्कार वितरण गर्दै आएका छन् ।

गत वर्ष सो पुरस्कारबाट गायिका मुनचुन देव 'प्रिया' पुरस्कृत भएकी थिइन् । यस्तै, २०७७ मा राजविराजका किरण झा र २०७८ मा रञ्जु साह पुरस्कृत भएकी थिइन् । पत्रकार तथा अभियानकर्मी झाले बुवाको स्मृतिमा पण्डित नित्यानन्द झा स्मृति पुरस्कार, स्व पत्रकार उमा सिंहको स्मृतिमा उमा सिंह पत्रकारिता पुरस्कार र अथक मानवअधिकार योद्धा प्रकाश काफ्लेको स्मृतिमा वैद्य-प्रकाश मानवअधिकार पुरस्कारसमेत स्थापित गरेका छन् । मैथिली गीत गायन पुरस्कार प्रकाश स्मृति दिवसकै अवसरमा साउन १६ गते एक कार्यक्रमको बीचमा वितरण गरिने झाले बताए ।

# 'राजागञ्ज' सुटिङ सुरु

'राजागञ्ज' नामक फिल्मको छायांकन शुक्रबार देखि जनकपुरधाममा सुरु भएको छ । दीपक रौनियारको निर्देशनमा बन्न लागेको 'राजागञ्ज'मा मुख्य भूमिकामा सीने जगतका चर्चित नाम दयाहांग राइ , विजय बराल, पूर्व मिस नेपाल निकिता चण्डक, आशा मगराती, ऋचा शर्मा, परमेश झा, घनश्याम मिश्र, आरती मण्डललगायतका कलाकारहरू रहेका छन् ।

पहिको पटक यस फिल्ममा युवा अभियन्ता सरोज मिश्र समेत फिल्ममा अभिनय गर्दै छन । फिल्मको लगभग ९५ प्रतिशत सुटिंग धनुषाको जनकपुरधाम र महोत्तरी लगायतको स्थानमा हुने जनाएका छन् । यस फिल्मका निर्देशक दीपक रौनियारले यस अघि सेतो सूर्य , हाइवे, चौकठ लगायतका चर्चित फिल्महरु बनाइ सकेका छन् । राष्ट्रिय अन्तर्राष्ट्रिय रुपमा चर्चित निर्देशक रौनियारले झन्डै ७ वर्ष रिसर्च गरेर राजागञ्ज फिल्म बनाउन लागेका छन् । बांसुरी र आदि फिल्मले प्रोडक्शन गर्दै छन् । फिल्मलाई अंग्रेजीमा द स्काइ इज माइनु नामकरण गरिएको छ । जसको अर्थ यो मेरो संसार हो वा यो आकाश मेरो हो भन्ने बुझिन्छ ।


ADMISSION OPEN

कक्षा ११ मा
नयाँ भर्ना खुल्यो

सम्पर्क :
प्राचार्य : मधुसुदन कर्ण ९८४२८२७७१२
इन्चार्ज : राजिप यादव : ९८१९७३८८११
कर्मचारी : गणेश यादव : ९८१४७७९८८८
: शम्भु यादव : ९८६२६२६२५६



+2
Science
Commerce
Education
Humanities
Electrical

नोट : कक्षा १२ को कक्षा सञ्चालन २०८०/०४/०७ गते देखि
समय : बिहान : ६:३० बजेबाट

श्री चन्द्र नमुना माध्यमिक विद्यालय
सिरहा-१






प्रोफाइल



# मधेशका लागि हतियार उठाउन बाध्य भएका देवशरण

देवशरण यादव २०५४/०५५ मा फर्स्ट डिभिजनमा एसएलसी पास गरेपछि ओभरसियर पढ्नका लागि पोखरा पुग्नु भएको थियो । त्यहाँ पुग्दा त मधेशी विद्यार्थीमाथिको ज्यादतीको सीमा नाघेको थियो । नेवि संघका विद्यार्थीहरुले मधेशी विद्यार्थीको चप्पल खोसि दिने, राम्रो लुगा लगाएका छन् भने धम्काएर लिइ दिने, राम्रो क्यालकुलेटर वा कुनै समान छन् भने माग्ने, नदिए मारपिट गरेर खोसेर लिने जस्ता काम मधेशीहरुसँग गर्थे ।

त्यहाँका कतिपय लोकल व्यक्तिहरुले पनि मधेशीहरुसँग दुरव्यवहार गर्थे । त्यो देखेर देवशरणलाई निकै चित्त दुख्यो । उहाँलाई असहय भयो । उहाँले अध्ययन गर्ने त्रिवि अन्तरर्गतको वेस्टर्न रिजन क्याम्पसमा मधेशीमाथि हुने विभेदको विरुद्धमा बोल्न थाल्नुभयो । देवशरण पोखरा गएर मात्र बिद्रोही भएको होइन, स्कुल पढ्दा पनि विद्रोही नै हुनुहुन्थ्यो । कुनै प्रकारको अन्याय सहनु हुन्थेन उहाँ । कही कसैमाथि अन्याय भइरहेका छन् भने त्यसको लागि अवाज उठाउनु हुन्थ्यो उहाँ ।

सिरहाको नहरा रिगौलको लक्ष्मीनारायण जनता माध्यामिक स्कूलमा आठ कक्षा पढ्दा त्यहाँ एमाले निकट विद्यार्थीको निकै दबदवा थियो । होस्टलमा बस्ने विद्यार्थीमाथि ज्यादती गर्थे उनीहरु । देवशरण पनि होस्टलमै बस्नु हुन्थ्यो । एमालेका ज्यादतीको विरुद्धमा उहाँले अवाज पनि उठाउनु भयो तर त्यो स्कूलमा एमाले हाबी भएको कारणले देवशरण त्यहाँबाट पढाई छाडेर सप्तरी पुग्नु भयो । सप्तरीको राजाजी तुल्सीलाल जोन्से माविमा नौ कक्षादेखि पढ्न थाल्नुभयो । होस्टलमा हुँदा त्यहाँ शिक्षकको विभेदमाथि उहाँले आवाज उठाउनु भएको थियो । होस्टलमा शिक्षकहरु मिठो मिठो खाना खानुहुन्थ्यो भने विद्यार्थीहरु राम्रो व्यवस्था गर्नुभएको थिएन । त्यसको बारेमा पनि उहाँले अवाज उठाउनु भएको थियो । अर्थात उहाँ अन्याय कही पनि सहेर बस्नु भएन । झन पोखरामा मधेशी समुदायलाई नै अपहेलना गरेको देखेपछि उहाँलाई सहीसक्नु भएन ।

**अखिल क्रान्तकारीमा आवद्धता**

पोखरा जस्तो ठाउँमा उहाँले एक्लै भए पनि अवाज उठाउनुभयो । एक्लैको अवाज कसैले नसुनेपछि उहाँ अखिल क्रान्तकारीका नेताहरुको सम्पर्कमा जानुभयो । रामचन्द्र बिसीको सम्पर्कमा गएपछि उहाँले मधेशीमाथि भएको ज्यादतीको बारेमा तपाईहरुले किन बोल्नु हुन्न । मधेशीहरु पनि नेपाली हुन् नि, यहाँका पहाडी समुदायले मधेशीलाई हेप्ने, गाली गर्ने, कुटपिट गर्ने काम गरिरहेका छन् तपाईहरु चुपचाप तामाशा हेर्नुहुन्छ उहाँले यसो भनेपछि अखिल क्रान्तकारीका विद्यार्थी नेताहरुले मधेशीको पक्षमा अवाज उठाउन सुरु गरेका थिए । मधेशी विद्यार्थीको हकहितमा कुरा उठाउन थालेपछि देवशरण अखिल क्रान्तकारीमा सांगठनिक रुपमै आवद्ध हुनुभयो । अन्य मधेशी नेताहरु जो नेवि संघमा आवद्ध थिए ती सबै अखिल क्रान्तकारीमा नै आवद्ध हुनुभयो । देवशरण भन्नुहुन्छ, 'त्यतिबेला ९० प्रतिशत मधेशीहरु अखिल क्रान्तकारीमा आवद्ध भएका थिए । मधेशी विद्यार्थी त्यहाँ आफूलाई सुरक्षित ठान्थे ।'

विद्यार्थीको हकहितको कुरा उठाउँदा उठाउँदै देवशरण विद्यार्थी नेता भइसक्नु भएको थियो । जब कि पोखरा आउनुअघि देवशरणलाई राजनीतिको 'र' पनि थाह थिएन । विद्यार्थी राजनीति गर्नुहुन्थ्यो तर कुनै पार्टीमा आवद्ध हुनुहुन्थेन । पोखरामा आएर मधेशका लागि लड्दा लड्दै उहाँ नेता हुनुभयो । नेता मात्र हुनभएन मधेशको अधिकारका लागि उहाँले हतियार पनि उठाउनुभयो ।

मधेशीको पक्षमा अखिल क्रान्तकारीले बोल्न थालेपछि एक पटक क्याम्पसमा ठूलो झडप भएको थियो । नेविसंघका धेरै विद्यार्थीहरु घाइते पनि भएका थिए । घाइते विद्यार्थीहरुलाई उद्धार गरी हेलिकप्टरबाट काठमाडौं लगि उपचार गरिएको थियो । त्यसपछि त्यो क्याम्पसमा अखिल क्रान्तकारी झन बलियो भयो । २०५७ सालमा स्ववियुको चुनाव भयो । त्यो क्याम्पसमा अखिल क्रान्तकारीको तर्फबाट देवशरणलाई सभापतिको उम्मेदवार बनायो र अत्याधिक मतले जित्नुभयो ।

**संकटकाल घोषणा**

माओवादी जनयुद्धमा थियो । २०५८ सालमा सरकारले संकटकाल घोषणा गर्‍यो । अखिल क्रान्तकारी माओवादी निकट भएको कारण संकटकाल घोषणा हुने बित्तिकै त्यसमा आवद्ध विद्यार्थीहरुलाई प्रहरीले धमाधम समात्न थाल्यो । त्यहाँबाट देवशरण उम्किन सफल हुनुभयो । होस्टलबाट निस्केर कास्कीकै माओवादीहरुको सम्पर्कमा उहाँ जानुभयो । प्रहरीको खोजीमा देवशरण पनि हुनुहुन्थ्यो । उहाँ माओवादीको सम्पर्कमा गएर भूमीगत भइसक्नु भएको थियो ।

**हतियार कारखानामा रिसर्चर**

माओवादीको सम्पर्कमा गएपछि देवशरणको विद्यार्थी राजनीति समाप्त भयो । माओवादीका जनमुक्ति सेनाको रिसर्च टीममा आवद्ध हुनुभयो । ओभरसियरको दोस्रो समेस्टरसम्म मात्र पढ्न भ्याउनु भएका देवशरणलाई त्यो पढाई रिसर्चमा काम लाग्यो । त्यहाँ हतियार बनाउने रिसर्च हुन्थ्यो । त्यो रिसर्च सेन्टरको इन्चार्ज नन्दबहादुर पुन हुनुहुन्थ्यो । त्यसको सदस्यको रुपमा देवशरणले पनि काम गर्न थाल्नुभयो ।

माओवादीले भारतको दिल्ली, कानपुर, लखनउलगायतका ठाउँमा हतियार बनाउने कारखाना नै खोलेको थियो । त्यसको केन्द्रीय रिसर्च सेन्टर रोल्पामा थियो । हातबाट बनाउन सकिने हातियार नेपालमा रहेका उद्योगबाट बनाइन्थ्यो भने मेसिनबाट बनाउनु पर्‍यो भने भारत पुग्नु पर्थ्यो । देवशरण रोल्पादेखि भारतका विभिन्न ठाउँमा हतियार बनाउने काम गर्नुहुन्थ्यो । हतियार बनाउने काममा खटिएका माओवादीहरुले यस्ता उद्योगको खोजी गर्थे जहाँ दिनमा उद्योग मालिकले हर्‍याउने काम जस्तै ग्रिल बनाउने, वेल्डिङ लगायतका काम गर्थे र राती राती आफ्नो हतियारका लागि काम गर्थे । कतिपय ठाउँमा आफै कोठा लिएर रिसर्चका कामहरु गरेर अन्य ठाउँमा गएर हतियार बनाउने काम देवशरणले गर्नुहुन्थ्यो ।

भारतमा हतियार बनाए पनि त्यसको परीक्षणका लागि रोल्पा नै पुग्नु हुन्थ्यो । परीक्षण गर्दा एक पटक देवशरण बल्ल बल्ल बाँच्नु भएको थियो । भारतबाट तयार गरि ल्याएको बम रोल्पामा परीक्षण गर्दा त्यो बम ब्यारेलमै पड्क्यो । दुई जना जनमुक्ति सेनाको त्यही निधन भयो । त्यहाँ देवशरण पनि हुनुहुन्थ्यो । उहाँ भाग्यले बाँच्नु भयो । देवशरण भन्नुहुन्छ, 'यसरी भाग्यले बाँचेको धेरै उदाहरण छन् ।' हतियार लिएर नेपाल-भारत सैयों पटक आउ जाउ गरेको बताउँदै देवशरणले भन्नुभयो, 'भाषाका कारण जनमुक्ति सेनाको रिसर्च सेन्टरबाट प्राय मलाई नै भारत पठाउथ्यो । भारत गएर हतियार किन्थे पनि, आफै पनि बनाउँथे र परीक्षणका लागि रोल्पा जान्थे त्यो बीचमा आउजाउ गर्न कति जोखिम थियो आफै अनुमान गर्नुस् ।'

जनमुक्ति सेना भएर कास्की, लमुजुङ, पर्वत, स्याङ्जालगायतका ठाउँमा नेपाली सेना तथा प्रहरीसँग दोहोर भिडन्तमा पनि संलग्न रहनुभएका देवशरणले आफ्नै आँखाका अगाडि साथीहरु ढलेको देख्नुभएको छ तर त्यतिबेला लाग्थ्यो, मुक्तिका लागि यसरी सहादत दिँदा पनि ठूलै  उपलब्धी हो । उहाँले भन्नुभयो, ' मर्न र मार्नका लागि त्यतिबेला माओवादीभित्र हानाथाप हुन्थ्यो । सहादत प्राप्त गर्नु पनि त्यतिबेला आफूलाई सौभाग्यशाली ठान्ने जमात थिए त्यतिबेला ।'

**आमाबुवाको चिन्ता**

अधिकाँश समय हतियार बनाउने र ओसार पोसारमा समय बिताउने बिक्रान्त यसरी युद्धमा सहभागी हुँदा आमा बुवा निकै चिन्तित हुनुहुन्थ्यो । पढ्न पठाएको छोरा जनयुद्धमा लागेको कुरा सुनेर जुनसकै आमा बुवालाइ चिन्ता लाग्नु स्वभाविक हो । उहाँको बुवाले पढाई लेखाई सकाउ अनि जे जे गर्न मन लाग्छ गर भन्नुहुन्थ्यो तर देवशरणमाथि राजनीतिक भुत सवार भइसकेको थियो । उहाँले त्यतिबेला कसैको कुरा सुन्ने पक्षमा हुनुहुन्थेन । माओवादीकै समाचार सुन्नका लागि देवशरणको बुवाले घरमा रेडियो किन्नुभएको थियो । माओवादीको जनयुद्ध पिक आवरमा थियो । प्रत्येक दिन कतै नकतै मृत्यु हुन्थ्यो । रेडियोमा नाम भनिन्थ्यो । त्यसमा बुवाले देवशरणको नाम ध्यान पुर्वक सुन्नुहुन्थ्यो ।

मृत्यु हुनेहरुमा देवशरणको नाम नसुनेपछि उहाँको बुवाको अनुहारमा खुशी नाच्थ्यो । देवशणका आमा-बुवा कतियौं रात सुत्नुभएको थियो । कतै ठूलो भिडन्त हुँदा छोराको चिन्ता गरेर जागेर बस्नु हुन्थ्यो । कतैबाट सुरक्षित रहेको खबर आएपछि सन्तोषको सांस लिनुहुन्थ्यो उहाँहरु ।

**मातृकासँग पहिलो भेट**

१२ बुँदे सम्झौतापछि युद्ध विराम हुँदा देवशरण नेपाल-भारतको बोर्डर भगवानपुर एरियामा हुनुहुन्थ्यो । युद्ध विराम भएपछि रिसर्चमा रहेका अधिकाँश जनमुक्ति सेनाहरु क्यान्टोमेन्टमा जानुभयो । तर देवशरणलाई राजनीति गर्नु थियो । उहाँले क्यान्टोमेन्टमा जान चाहनु भएन । पार्टीको सम्पर्कमा जानुभयो ।

त्यहीबेला मातृका यादवले काठमाडौंमा माओवादी निकट मधेशी राष्ट्रिय मुक्ति मोर्चाको राष्ट्रिय सम्मेलन गर्न चाहनु भएको थियो । मातृका यादवले पहिलादेखि देवशरणको नाम सुनेका कारण नन्दबहादुर पुनलाई भनेर उहाँलाई काठमाडौं बोलाउनुभयो । देवशरण रिसर्च टिममा रहेर काम गरेको कारण काठमाडौं जस्तो ठाउँमा राम्रोसँग काम गर्न सक्छन् भनेर मातृका यादवले उहाँलाई बोलाउनुभएको थियो । काठमाडौं आएपछि देवशरणको भेट मातृका यादवसँग भएको थियो । देवशरणले पनि मातृका यादवको नाम धेरै पटक सुन्नुभएको थियो तर त्यसअघि भेट भएको थिएन ।

मोर्चा सम्मेलनको तयारीमा लाग्नुभयो । काठमाडौंको गल्ली गल्लीको भित्तामा मधेशी नाराहरु लेखाउने काम त्यही बेला भएको थियो । मातृका यादवले एक लाख मधेशीलाई काठमाडौंमा धोती लगाएर र्‍याली निकाल्ने तयारी गर्नुभएको थियो । तर अन्त्यमा त्यो सम्मेलन नै स्थगित भयो । देवशरण भन्नुहुन्छ, 'मधेशीहरुले यत्रो ठूलो कार्यक्रम गर्न सफल भयो भने शाक्तिशाली हुन्छ, हरेक कुरामा आफ्नो अधिकार खोज्न थाल्छन् भनि मनासयले माओवादीले नै षड्यन्त्र गरेर त्यो सम्मेलन हुन दिएको थिएन ।'

त्यो सम्मेलन भएको भए सायद मधेश आन्दोलन हुँदैन्थ्यो । सम्मेलनपछि धेरै कुराको समाधान हुन्थ्यो । पार्टीलाई मधेशमा के भइरहेको छ त्यसको जानकारी हुन्थ्यो । र, मधेश आन्दोलन रोकिन्थ्यो । तर सम्मेलन नै भएन । देवशरण पनि काठमाडौं नै बस्न थाल्नुभयो । सम्मेलन हुन नदिएको कारण मातृका यादव पार्टी नेतृत्वप्रति असन्तुष्ट हुनुहुन्थ्यो ।

देवशरण नेवा राज्य समितिको सदस्य हुनुभयो । राज्य समितिको सदस्यको हैसियतमा काठमाडौं केन्द्रीत पार्टी संगठनमा लाग्नुभयो । तर मधेशलाई लिएर पार्टीसँग दुरी बढी नै रहेको थियो । देवशरणको चाहना पनि पार्टीले मधेशको मुद्दालाई सम्बोधन गरोस् । मधेशमा देखिएको समस्यालाई क्यास गरेर अगाडि बढोस् भनि चाहना थियो तर पार्टीले कुरा समेत सुन्न तयार थिएन ।

**माओवादी पार्टी विभाजित**

२०६५ फागुन १ गते मातृका यादव त्यहाँबाट अलग हुनुभयो । देवशरणले पनि मातृका यादवलाई नै साथ दिनुभयो । मातृका यादवले नेकपा माओवादी बनाउनुभयो र त्यो पार्टीको केन्द्रीय सदस्य बन्नुभयो । सुरुमा उहाँ विद्यार्थीको इन्चार्ज पनि बन्नुभयो । त्यसपछि  जनमुक्ति सेनाको प्रमुख पनि हुनुभयो । कोशी, लुम्बनीको इन्चार्ज  पनि बन्नु भएको थियो । प्रचण्डबाट अलग भएपछि भुमीगत भएर जनयुद्ध गर्ने तयारीमा उहाँहरु लाग्नुभएको थियो । त्यसका लागि एकै पटक देशभर तयारी सुरु भयो । तर परस्थितिले साथ दिइरहेको थिएन । भूमीगत हुने प्रयास पटक पटक भएको थियो । परस्थिति अनुकुल भइरहेका थिएन । देवशरण भन्नुहुन्छ, 'जति मेहनत म माओवादीको जनयुद्धको क्रममा गरेको थिइनन् त्यो भन्दा बढी मातृका यादव नेतृत्वको पार्टीका लागि गरेको थिए ।' यता, प्रचण्डले पनि पार्टीसँग एकीकरण गरेर आउन आग्रह पटक पटक गर्नुभएको थियो । २०७३ सालमा मातृका यादवले प्रचण्ड नेतृत्वको तत्कालिन एकीकृत माओवादीसँग एकता गनुभयो । एकीकृत भएको पार्टीमा देवशरण पोलिटब्युरो सदस्य बन्नुभयो ।

त्यसको केही दिनपछि एमाले र माओवादीबीच एकता भएर नेकपा बन्यो । त्यो पार्टीमा देवशरणलाई कुनै जिम्मेवारी नै दिएन । भूमिका विहिन हुनुभयो । तर एकीकरण गरेको एक वर्ष नबित्दै विवाद सुरु भयो । नेकपाबाट माओवादी अलग भयो । माओवादीमा उहाँलाई पार्टीगत निर्वाचन आयोगको सदस्यमा चयन गर्‍यो । हालसम्म त्यही आयोगको सदस्यमा अल्झेर बस्नु भएको छ । देवशरण भन्नुहुन्छ, ' पार्टीमा जो कुरा उठाउँछन्, आफ्नो अधिकारको कुरा गर्छन्, उसलाई यसैगरि साइड लगाएर राख्ने गरिन्छ ।' देवशरण पार्टीमा रहेपनि नरहेपनि जहिले पनि मधेशीको अधिकारका कुरा उठाउनु हुन्थ्यो । माओवादी पार्टीभित्र पनि पटक पटक मधेशको बारेमा कुरा उठाउँदै आउनु भएको थियो । उहाँ भन्नुहुन्छ, 'यही कारणले पार्टीले मलाई कुनै जिम्मेवारी दिएको छैन ।'

**जागिर/रोजगार**

माओवादी शान्ति प्रकृया आएपछि देवशरणले पढाई सुरु गर्नुभएको थियो । २०६४ मा जनकपुरबाट प्लस टु पास गर्नुभयो । त्यसपछि उहाँले काठमाडौंको पाटन क्याम्पसबाट बीए पास गर्नुभयो । राजविराजबाट एलएलबी र जनकपुरका राराबबाट एमए पास गर्नुभयो र ल क्याम्पसबाट एलएलएम पास गर्नुभयो । यी जति पनि पढाई गर्नुभयो ती सबै सेल्फ स्टडीबाट उहाँले सकाउनु हुन्थ्यो । केही गर्ने उद्देश्यले राजनीतिमा आउनु भएको उहाँले जागिरको बारेमा केही सोच्नु नै भएको थिएन । पढ्दा पढ्दै भूमीगत हुनुभएको थियो । लामो समय जनयुद्धमा रहनुभयो । माओवादी शान्ति प्रकृयामा आएपछि आफ्नो अनुकुल अध्ययनलाई अगाडि बढाउनुभयो तर जागिरको बारेमा कहिले सोच्नु भएन ।

राजनीतिमै केही गर्ने सोच उहाँको थियो । जब मातृका यादवले प्रचण्डसँग एकीकरण गर्ने चर्चा सुरु भयो । त्यसपछि उहाँमा अलिकति निस्कृयता आएको थियो । पार्टीले पनि केही महत्वपूर्ण जिम्मेवारी दिएको थियो । अब आफै केही गर्नुपर्छ भन्दै उहाँले २०७२ सालमा अपन ल फर्म खोल्नुभयो ।

उहाँले भन्नुभयो, 'खासमा भन्ने हो भने काठमाडौंमा जीवन धान्नलाई समस्या हुन थालेको थियो, त्यसपछि केही गर्नुपर्छ भनि सोचेर ल फर्म खोलेको थिए ।' जान चाहेको भए अरु क्षेत्रमा जान सकिन्थ्यो तर कानुन व्यवसायीमा लागेपछि चाहिएको जति फुर्सद पाइन्छ, पार्टीमा पनि समय दिन सकिन्छ भनेर नै उहाँले वकालत पेसा रोज्नुभएको थियो । त्यसले उहाँको दालरोटी चल्न थाल्यो । जति जति पार्टीमा भुमिका घट्दै गयो, त्यति त्यति वकालतमा आफ्नो भूमिका बढाउँदै लग्नुभयो । अहिले अपन ल फर्म विजुली बजारमा सञ्चालन गर्दै आउनुभएको छ । त्यसैबाट आफ्नो गुजारा चलाई रहनुभएका छ ।

**परिवार**

सिरहा भगवानपुरका बुवा जीवछ यादव र आमा सागरवती यादवका ४१ वर्षीय छोरा देवशरणका एक जना दिदी हुनुहुन्छ भने एकजना दाजु र अर्को भाइ पनि हुनुहुन्छ । दाइ खेती किसानीमा हुनुहुन्छ भने भाइ एउटा नीजि कम्पनीमा जागिरे हुनुहुन्छ । २०६३ मा सप्तरीका जोगिनियाँमा विहे गर्नुभएका देवकरणका दुई जना छोरा छन् ।

# साउन १५ गते खिर खाने कि कोदो ?

नेपाल बहुधार्मिक, बहुसाँस्कृतिक, बहुभाषिक देश हो । त्यही भएर यहाँ सबै जातजाती, धर्म, संस्कृतीलाई समेटेर पर्वहरु मनाइन्छ । दही-च्युरा, मासु, खिचडी, सेल, घ्युचाकु, खिर, घीउ, दुध, कोदो, चामल आदि खानेकुराको चाडपर्व हाम्रो देशमा मनाउने चलन छ । जतिवटा अन्न छन्, त्यतिवटा पर्व मनाइन्छ । सबैको आआफ्ने महत्व रहेको छ ।

असार १५ गते दही च्युरा खाने जस्तै साउन १५ गते खिर खाने चलन छ । त्यस्तै केही वर्षदेखि साउन १५ गतेलाई पनि कोदो दिवसको रुपमा मनाउन थालिएको छ । तल्लो जातले मात्र कोदो खान्छन् भनिन्थ्यो । ठूला बडाले खाँदा लुकाएर खानु पर्थ्यो अहिले त्यही कोदोको परिकार खानका लागि ठूलाबडाहरु फाइभस्टार होटल चहार्दै हिडेका छन् । अहिले दही, दुध र खिर जस्तै कोदोको पनि महत्व बढ्न थालेको छ । अन्न, अनाज सबैको आआफ्नै महत्व रहेको छ ।

खिर, दही, कोदो जस्ता अन्नले पर्व मनाउँदा देशको पहिचान बढ्नुका साथै पर्यटन क्षेत्रको विकासमा धेरै ठूलो टेवा पुग्दछ । हाम्रो देशको संस्कृती भनेको विश्वको नमुना हो । यस्तो संस्कृती कतै पनि छैन् । तर अब भने यसको जर्गेनाको पाटो ठूलो कठिनाई भएको नेपाल डेरी एशोसिएशनका अध्यक्ष प्रल्हाद दाहालले बताउनुभयो ।

साउन १५ गतेलाई देशैभर खिर खाने दिनको रुपमा चिनिने गरिन्छ । नेपालमा प्राचिन कालदेखि नै खिरलाई एक उत्कृष्ट खानाको रुपमा लिइने गरिएको पाइन्छ । आर्युवेद विज्ञानमा समेत खिरको महत्व निकै रहेको पाइन्छ । साउन १५ गते  खिर खाएमा शुभ हुने मान्यता रहेको छ । साउन महिनामा धेरै वर्षा हुने, विभिन्न किसिमका रोग लाग्ने र विरामी पर्ने हुँदा रोगबाट छुट्कारा पाउनको लागि पनि खिर खाने चलन रहेको पाईन्छ । खिरमा रोग प्रतिरोधात्मक क्षमता हुने भएकोले खिर खाने चलन रहेको पाइन्छ । वर्षायाममा विभिन्न संक्रमण भई रोग लाग्ने गर्दछ । त्यसैले रोग नलागोस् र संक्रमण नहोस् , थकान नलागोस् , फुर्ति बढोस् आदि भनेर पनि खिर खाने गरेको पाइन्छ ।

पहिला गाउँघरमा मिठो मसिनो कमै खाईने र खान पनि कठिन हुने भएकोले खानामा सन्तुलित होस् भनेर शरिरलाई आवश्यक पर्ने सबै खाले खाना खाने चाडपर्वको व्यवस्था भएको पाइन्छ । यसले गर्दा सबै मानिसले दैनिक खान नसक्ने र विशेष चाडपर्वमा मात्र खाँदा पनि निरोगी हुन मद्दत पुग्ने गरेको देखिन्छ । यि सबै कुरालाई मध्यनजर गर्दा नेपालमा चाडपर्वको महत्व विस्तार गरेको पाइन्छ ।

सबै किसिमका खानेकुराहरु सबै समयमा पाइने भएता पनि त्यसको सहि उपभोग भएको पाइन्न । यसले गर्दा अन्य समस्या धेरै उत्पन्न भएको पाइन्छ । त्यस कारण पहिले पहिलेका चाडपर्वले गर्दा सन्तुलन भोजनको लागि लाभदायक भएको देखिन्छ ।

यसरी साउन १५ मा देशैभर खिर खाने चलन भएकोले दुधको खपत पनि अरु दिनको तुलनामा लगभग ४ गुणा बढी हुने गर्दछ । दैनिक उत्पादनको दुधले नपुग्ने भएकोले डेरी उद्योगहरुले दुई चार दिन अगाडिदेखि नै दुध भण्डारण गरि राख्ने र नपुगेमा धुलो दुध मिसाएर बजारमा लाने गर्दछन् ।

जलवायुमैत्री खेती साथै कोदोको स्वास्थ्य लाभ र यसको खेतीका लागि उपयुक्तता बारे जनचेतना अभिबृद्धि गर्ने उद्देश्यले ७० भन्दा बढी देशहरुको समर्थनमा (भारतको अगुवाई) सन् २०२१ मार्चमा संयुक्त राष्ट्रसंघको महासभाले २०२३ लाई कोदो अन्तराष्ट्रिय वर्षको रुपमा मनाउने घोषणा गरेसंगै नेपाललगायतका संयुक्त राष्ट्रसंघमा आवद्ध मुलुकहरु कोदो वर्ष मनाईरहेका छन् । यसले २०७८ देखि राष्ट्रिय कृषक समुहमहासंघ, अनाजको पहलमा साउन १५ लाई कोदो दिवसका रुपमा मनाउन सुरु गरिएको कोदो दिवसको महत्व बढेर गएको छ ।

कोदो पोष्टिकताको हिसाबले विश्वको महत्वपूर्ण बाली हो । यो थोरै खाएर पनि पेट भरिने र धेरै पोषण प्राप्त गर्न सकिने हुन्छ । यसमा असाध्यै धेरै पौष्टिकतत्व रहेको हुन्छ । खाद्य तथा पौष्टिक सुरक्षामा ठूलो योगदान गर्दछ । रेसा र शरिरलाई चाहिने क्यालसियम, फसफोरस, फलाम, लवन, अमिनोएसिड लगायतका खाद्य पदार्थ पाईने हुनाले मधुमेह, एनिमिया, हड्डि बलियो बनाउने, मुटु तथा रगतको मात्रा बढाउनलाई औषधीय बस्तुको रुपमा प्रयोग भएको पाईन्छ । यसले रगतमा बोसो र कोलेस्टरोलको मात्रा घटाउँछ । जाडो याममा कोदो खानाले चिसोबाट बचाउन र सर्दि हटाउन यो उपयोगी हुन्छ ।

कोदोको उपयोग खाद्यन्नको साथै मदिराको उत्पादनमा बढि प्रयोग भएको पाईन्छ । सुप, रोटी, पाउरोटी, केक, रागी, पुवा, ढिँडो लगाएतका परिकारको रुपमा यसलाई उपयोगमा ल्याईन्छ । कडा परिश्रम गर्ने श्रमजीविहरुको पहिलो रोजाईको खाना ढिडो हो ।

# मसुरो दल उत्पादनमा अन्तरराष्ट्रिय सहयोग

मुसुरो दाल उत्पादनको उन्नत प्रविधि विकास गर्न नेपाल कृषि अनुसन्धान परिषद् (नार्क) र युएसएड बीच छलफल भएको छ । मसुरो दाल उत्पादन वृद्धि गर्न प्राविधिक तथा अनुसन्धानका क्षेत्रमा के कसरी गर्न सकिन्छ त्यसका लागि नार्कका कार्यकारी निर्देशक डा.ध्रुवराज भट्टराईको नेतृत्वको टोलीले युएसएड अन्तर्गत नेपालमा मुसुरो बाली प्रवर्द्धन कार्यक्रमका प्रतिनिधिसँग छलफल गरेको छ । खुमलटारस्थित नार्कमा दुई पक्षबिच मुसुरोको उत्पादन वृद्धि र व्यवसायीकरणबारे छलफल भएको नार्कका कार्यकारी निर्देशक भट्टराईले जानकारी दिनुभयो । युएसएडको नेपालमा मुसुरो बाली प्रवर्धन कार्यक्रमको परियोजनाका उपनिर्देशक जोन मेडेनलोपको नेतृत्वमा रहेको टोलीसँग भएको छलफल अनुसार यो कार्यक्रम लागु भयो भने मुसुरो उत्पादनका लागि नयाँ प्रविधिको विकास गर्नुका साथै उत्पादनमा पनि वृद्धि हुने विश्वास आफूले लिएको उहाँले बताउनुभयो । मुसुरो बालीमा गहन अनुसन्धान गरी उत्पादनशील जातको विकास, स्रोत बिउ उत्पादन तथा कृषक र प्राविधिकको क्षमता अभिवृद्धिमा युएसएडको सहयोग रहने नार्कले जनाएको छ । नेपाललाई तीन लाख छ हजार मेट्रिक टन मुसुरो आवश्यकता छ तर वार्षिक दुई लाख मेट्रिक टन मात्र उत्पादन हुने गरेको छ ।

नयाँ प्रविधि र नयाँ जातका बिउ प्रयोगमा ल्याए नेपालमा अत्यधिक मात्रामा मसुरो उत्पादन हुने विश्वास नार्कले लिएको छ । नेपालमा मुसुरो बाली प्रवर्धन कार्यक्रम लागु भएपछि मधेश प्रदेश, लुम्बिनी प्रदेश र सुदूरपश्चिम प्रदेशको तराई क्षेत्रमा मुसुरो उत्पादन वृद्धि हुने विश्वास आफूले लिएको कार्यकारी निर्देशक भट्टराईले बताउनुभयो । त्यस्तै नार्क र जापानको हकेन कम्पनीका प्रतिनिधिबिच नेपालमा सिताके च्याउको उत्पादन वृद्धि र व्यवसायीकरणका बारेमा पनि छलफल भएको उहाँले जानकारी दिनुभयो । हकेन कम्पनीका उपप्रमुख सुमजो आइयुसावाका बिचमा सिताके च्याउ उत्पादन वृद्धि र व्यवसायीकरणका बारेमा छलफल भएको हो ।

# किसानले पाउन थाले अण्डाको मूल्य

लामो समयपछि अण्डा उत्पादक किसानले लागत मूल्य पाउने भएका छन् । उनीहरु लामो समयदेखि लागतभन्दा कम मूल्यमा अण्डा बिक्री गर्न बाध्य थिए । पछिल्लो समय अण्डाको मूल्य बढेसँगै किसानले लागत मूल्य पाउन थालेका हुन् । विगतमा भएको नोक्सान र बैंक ऋण घटाउन भने यो मूल्यले अझै नधान्ने किसानको भनाइ छ । पछिल्लो समय अण्डाको मूल्य प्रतिक्रेट चार सय ५० रुपियाँ तोकिएको छ । नेपाल लेयर्स कुखुरा पालक सङ्घका महासचिव शोभाकान्त ढकालका अनुसार सबै खर्च जोड्दा अहिले अण्डाको मूल्य प्रतिगोटा रु १७ हुन आउँछ । किसानले हाल १५ रुपियाँ पाएका छन् । उहाँको भनाइमा अहिले चल्लाको मूल्य एक सय ५० रुपियाँ पर्दछ । बीस हप्तामा कुखुराले अण्डा दिन थाल्दछ । सामान्यतया यो दानाको मूल्य प्रतिकिलो ७० रुपियाँ पर्दछ ।

कुखुराले ८० हप्तासम्म अण्डा दिने गरेको उल्लेख गर्दै महासचिव ढकालले दानाको मूल्य प्रतिकिलो ६५ रुपियाँ सम्म पर्ने बताउनुभयो । सामान्यतया एउटा कुखुराका लागि औषधि, खोप र अन्य उपचारमा एक सय ६५ रुपियाँ खर्च हुने उहाँको भनाइ छ । एउटा अण्डाको उत्पादन लागत  १४ रुपैयाँ ८० पैसा पर्ने ढकालको दाबी छ । उनले भने “बैंकको लगानीको किस्ता तिर्दै एउटा अण्डाको लागत मूल्य रु १७ पर्न आउँछ ।” अबको समयमा केही हदसम्म अण्डाको मूल्य बढेमा किसानले लागत मूल्य पाएर विगतको नोक्सानलाई पूर्ति गर्न सक्ने उनको भनाइ छ ।





कृषकवर्गहरुलाई अनुरोध !

कृषि सामग्री कम्पनी लि. ले आयात गरेको उच्च गुणस्तरको युरिया, डी.ए.पी. एवम् पोटास मल कम्पनीका जिल्लास्थित कार्यालयहरूबाट बिक्रीवितरण भइरहेको हुँदा उक्त मल प्रयोग गरी राष्ट्रिय उत्पादनमा गुणात्मक वृद्धि गरौं ।

साथै, उक्त मल खरिद गर्दा तौल यकिन गरी मात्र खरिद गुर्नुहुन समेत अनुरोध गर्दछौं ।

कृषि सामग्री कम्पनी लिमिटेड
AGRICULTURE INPUTS COMPANY LTD.
(An Undertaking of Government of Nepal)

# समाचार/विविध

**सिके...**

आफ्नो साथ रहने बताउँदै उहाँले जनमत पार्टीका अध्यक्ष सिके राउतलगायतका नेताहरु अझै अहिले पनि सम्पर्क रहेको बताउनुभयो । उहाँहरुले रमेशलाई भन्नुहुन्छ, 'लक्ष्य त्यही हो बाटो मात्र फेरिएको हो, त्यसैले मिलेर काम गरौं ।' उहाँ इन्जिनियरिङ पास गरेर जागिर खाने बेलामा महत्वपूर्ण समय सिके राउतलाई दिनुभएको थियो । स्वतन्त्र मधेश गठबन्धनमा आवद्ध भएर चार वर्ष होलटाइमर भएर काम गर्नभयो । जब सिके राउतले जनमत बनाउनु भयो । त्यसबाट बिरक्तिएर अध्ययनका लागि अष्ट्रेलिया जानु भयो । अहिले उहाँ दुई विषयमा मास्टर्स गर्नुभएको छ भने पिएचडीको तयारीमा हुनुहुन्छ ।

रमेश जस्ता थुप्रै नेता कार्यकर्ताहरु छन् जो सिके राउतका लागि आफ्नो ज्यान दिन पनि तयार थिए तर आज उहाँको साथ छाडेका छन् । र अझै थुप्रै नेता कार्यकर्ताहरु साथ छाड्ने क्रममा छन् । स्रोतका अनुसार सिके राउतको क्रियाकलापबाट असन्तुष्ट भएर इन्द्रजित यादव, डा.सूर्यनारायण यादव पनि विदेश फर्कि सक्नु भएको छ । सिके राउतका साथमा रहेर जनमत पार्टीमा सक्रिय राजनीति गर्दै आउनु भएका उहाँहरु विदेशका जागिर छाडेर नेपाल फर्किनु भएको थियो । चुनावमा खट्नु भयो । पार्टीका रकम पनि खर्च गर्नुभयो । तर चुनावपछि पार्टीको अध्यक्ष राउतको गतिविधि फरक देख्न थालेपछि उहाँहरु असन्तुष्ट भएर नेपाल छाडेर विदेश फर्किसक्नु भएको छ ।

त्यस्तै, विदेशमा रहेर सिके राउतका लागि काम गरेका डा.रविन्द्र यादवले पनि उहाँको साथ छाडि सक्नुभएको छ । जनमत पार्टी बनाएपछि डा.यादवले उहाँको साथ छाड्नु भएको हो । रविन्द्र यादवले पनि सिके राउतले पुरै मधेशलाई धोका दिनुभएको छ, उहाँका कारण थुप्रै युवाको जीवन बर्बाद भएको छ । सिके राउतले मधेशको मुद्दा मात्र छाड्नु भएको छ, मधेशका थुप्रै युवाको जीवनसँग खेलबाड गर्नुभएको उहाँले दावी गर्नुभयो । सिके राउतको काँधमा काँध मिलाएर हिड्ने कैलाश महतो (महोत्तरी), जासर यादव (महोत्तरी), रामबाबु यादव (सर्लाही) लगायतले उहिले उहाँको साथ छाडेर हिडिसक्नु भएको छ । त्यस्तै, स्रोतका अनुसार सिरहाका विपिन्न यादव, बैद्यनाथ सिंह, अशोक कामती, सकिला यादव, धनुषाका राममणी साह, उपेन्द्र रोहिता, सुरेन्द्र रोहिता, सुरेन्द्र रोहितालगायतले सिके राउतको साथ छाडेका छन् । त्यसैगरि राजकुमार यादव (महोत्तरी), सुजित कुशवाहा (बारा), जमुना पुरी (बारा), संजय साह (पर्सा), प्रविण महतो (मोरङ), श्रीराम चौधरी (मोरङ), मञ्जरी थारु (मोरङ), राजकुमार मुखियाले पनि सिके राउतका साथ छाडि सक्नु भएको छ । उहाँहरु स्वतन्त्र मधेश गठबन्धनमा रहेर लामो समय सिके राउतका साथमा रहेर संघर्ष गर्नुभएको थियो ।

सुनसरीका देवराम मधेशी, अशोक मेहता, सर्लाहीका नगेन्द्र सिंह, रौतहटका विरेन्द्र यादव, बाँकेका इरफान शेख, जाविर हलुवाई, नवलपरासीका ध्रुव गौण, प्रकाश पासवना, दुर्गादेवी चौहान, सारा खातुन, विजय यादव, मदन यादव, कन्हैया भर, श्रीकृष्ण यादव, अमेरिका हरिजन, मनोज हरिजन, बेचु गौण, रुपन्देहीका संजय मिश्रा, दिलिप यादव, कपिलवस्तुका हकिकुँला खान, मनोज यादव, प्रकाश पाण्डेलगायतले पनि सिके राउतको साथ छाड्नु भएको हो । उहाँहरु सिके राउतका लागि लडाकु जस्तै हुनुहुन्थ्यो । एक इसारामा उहाँहरु जहाँ पनि हाम फाल्नु हुन्थ्यो । सिके राउतमाथि निकै भरोस गर्नुहुन्थ्यो तर आज सिके राउतका लागि ती सबै बेकार भएको इरफान अहमद शेखले बताउनुभयो ।

उहाँले भन्नुभयो, 'अहिले पनि त्यहाँ पुराना साथीहरु हुनुहुन्छ तर सिके राउतले कसैलाई रुचाउनु हुन्न ।' सांसददेखि मन्त्रीसम्म केन्द्रीय समिति विस्तारदेखि विभिन्न जिम्मेवारी बाँडफाँडमा नयाँ नयाँहरुको हाली मुहाली छ, त्यो देखेर पनि पुराना नेता तथा कार्यकर्ताहरु विस्तारै विस्तारै साथ छाडि रहेको बताउनुभयो । पछिल्लो समय पाँच जनालाई पार्टीबाट कारवाही गरिएको छ । त्यसमध्ये एक जना शिवचन्द्र कुशवाह नयाँ हुनुहुन्थ्यो त्यसबाहेक सबै पुरानो हुनुहुन्छ । उहाँहरु स्वतन्त्र मधेश गठबन्धनदेखि सिके राउतलाई साथ दिँदै आउनु भएको थियो । शेखले भन्नुभयो, 'सिके राउतले मधेशलाई धोका दिएको कुरा सबैले अनुभूती गरेका छन्, मधेशका एजेण्डा छाडेर सरकारी एजेण्डामा काम गरिरहेको हुनाले अब मधेशका खास मुद्दामा हामीले काम गर्ने गरि तयार भइरहेका छौं ।' आफूले राष्ट्रिय स्वराज पार्टी पनि बनाएको र त्यसमार्फत मधेशमा संगठन बनाउनुको साथै मधेशको मुद्दामा बहस गर्ने काम पनि भइरहेको बताउँदै उहाँले सिके राउतका साथ छाडेका साथीहरुले आआफ्नो संगठन बनाएर क्रियाशिल छन् ती सबै संगठनलाई जोडेर एउटा साझा मञ्च बनाएर अगाडि बढ्ने तयारी भइरहेको बताउनुभयो । सिके राउतको एकलौटी निर्णयका कारण पार्टीमा असन्तुष्टि बढेको छ । मधेश प्रदेश सरकारबाट एकजना मन्त्री र एक जना राज्यमन्त्रीलाई फर्काएर अर्को मन्त्री र राज्यमन्त्री पठाउनेमा उहाँले कसैसँग सल्लाह पनि लिनुभएको थिएन । त्यसले गर्दा पार्टीभित्र असन्तुष्टि बढेका छ । त्यस्तै, संघीय सरकारका लागि अनिता साहको नाम प्रधानमन्त्रीलाई उहाँले बुझाउनु भएको छ । त्यसपछि विषयमा पनि पार्टीमा कुनै छलफल थिएन र छैन पनि । त्यस्तै, केन्द्रिय समिति सिके राउतले विस्तार गर्नुभएको छ तर त्यस विषयमा पनि कसैसँग छलफल नगर्ने कारण पार्टीभित्र असन्तुष्टि छ र नेता तथा कार्यकर्ताहरु आआफ्नो बाटो लाग्न थालेका छन् ।

जो जो सिके राउतको साथ छाडेका छन् ती सबै एक जुट हुन थालेका छन् । एक मधेश प्रदेश, समानुपातिक निर्वाचन प्रणाली, राज्यका हरेक निकायमा समानुपातिक प्रतिनिधित्व, सेनामा समूहिक प्रवेश, रोजगारी सृजनालगायतका एजेण्डा अगाडि बढ्ने गरि उहाँहरु तयारी थालेका छन् । सिके राउतबाट अलग भएर स्वाधिन मधेश अभियान चलाई रहनु भएका कैलाश महतो, राष्ट्रिय स्वराज पार्टी चलाई रहेका इरफान अहमद शेख, नागरिक कर्जा मुक्त अभियान चलाई रहनुका अशेश्वर कामत, मधेश एकता समाज चलाई रहेका डा.रवीन्द्र यादवलगायत नेताहरु संगठित हुन थाल्नु भएको छ ।

स्वाधिन मधेश अभियानका संयोजक कैलाश महतोले सिके राउतबाट अलग भएका नेताहरु एक ठाउँमा संगठित हुने प्रयास भइरहेको बताउनुभयो । पछिल्लो जनमत पार्टीले बनाएको केन्द्रीय समितिका कारण पनि पार्टीमा असन्तुष्टि बढेको छ । नयाँलाई ठाउँ दिएको र पुरानालाई किनारा लगाएको भन्दै नेताहरु असन्तुष्ट छन् ।

**सिके राउत...**

कार्यक्रमहरुमा लैजाने काम गर्न थाल्नुभयो । पछि विष्णु साहलाई छाडेर रुकेश साहले सिधै विरेन्द्र महतोलाई सम्पर्क गर्न थाल्नुभयो ।

कुनै ठाउँमा कार्यकर्ता भेला गरेर सिधै विरेन्द्र महतोलाई फोन गरि कार्यक्रममा सहभागी गराउनु हुन्थ्यो । पछि विरेन्द्र महतोसँग नै हिड्न थाल्नुभयो । त्यति मात्र होइन, चुनावकै लागि रसियाबाट आउनु भएका उपेन्द्र महतोका अर्को भाइ सुरेन्द्र महतोको सम्पर्कमा पनि उहाँ जानुभयो । विदेशबाट आएको कारण सुरेन्द्र महतोलाई पनि चुनावी क्षेत्रमा घुमफिर गर्न एउटा मान्छे चाहिएको थियो । रुकेश साह विस्तारै विस्तारै विरेन्द्र महतोको साथ छाडेर सुरेन्द्र महतोको साथमा घुम्न थाल्नुभयो ।

सुरेन्द्र महतोको माध्यमबाट उपेन्द्र महतोको घरसम्म पुग्नुभयो । घरका सदस्यसँग घुलमिल हुन थाल्नुभयो । सोही क्रममा उहाँले उपेन्द्र महतोका श्रीमती समता महतोसँग पनि चिनजान गर्नुभयो । घरमा आउजाउ गर्न थाल्नु भयो । घरका समानहरु बजारबाट ल्याइ दिने, अह्राएका कामहरु फटाफट गरि दिने, केटाकेटीलाई घुमाउन लैजाने जस्ता कामहरु पनि उहाँले गर्न थाल्नुभयो । विस्तारै विस्तारै घरका सबै सदस्यसँग उहाँले चुनावकै समयमा चिनजान भयो । यहाँसम्म कि उहाँले सिधै उपेन्द्र महतोसँग पनि कुराकानी गर्न थाल्नुभयो ।

विरेन्द्र महतो चुनाव जित्नुभयो । विजय जुलुसहरु हुन थाल्यो । सुरेन्द्र महतो र उपेन्द्र महतो काठमाडौं फर्केपछि रुकेश पनि पछि पछि काठमाडौं आइपुग्नुभयो । सुरेन्द्र महतो र उपेन्द्र महतोको वरिपरी देखिन थाल्नुभयो । उहाँहरुको काठमाडौंस्थित घरमा पनि आउजाउ गर्न थाल्नुभयो । घरको काममा उहाँले सहयोग गर्न थाल्नुभयो । बच्चाहरुलाई घुमाउन थाल्नुभयो । विरेन्द्र महतो संसद भएर सपथका लागि काठमाडौं आएपछि रुकेश सबभन्दा बढी सक्रिय हुनुभएको थियो । सबै कुराको व्यवस्थापन उहाँले नै गर्न थाल्नुभयो । स्रोत भन्छ, रुकेश साह सांसदकै स्वकीय सचिवमा बस्न खोज्नु भएको थियो । तर विरेन्द्र महतोले उहाँलाई लिन मान्नुभएन ।'

स्वकीय सचिवमा नराखे पनि रुकेश साह विरेन्द्र महतोको वरिपरी रहन थाल्नुभयो । विरेन्द्र महतोको बच्चाहरुलाई बजार घुमाउने, बजारबाट समानहरु खरिद गरेर ल्याई दिने जस्ता काम पनि गर्न थाल्नुभयो । उपेन्द्र महतो, सुरेन्द्र महतो, विरेन्द्र महतोको नजिक नजिक देखिन थालेपछि उहाँलाई अरुअरुले पनि मान्न थाले । विरेन्द्र महतो मन्त्रीको सपथ लिँदा त्यहाँ परिवारका सदस्यहरु कसरी लैजाने, कसरी ल्याउने त्यसको सारा व्यवस्थापन रुकेश साहले नै गर्नुभएको थियो । विरेन्द्र महतो मन्त्री भएपछि रुकेश महतो झन सक्रिय हुनुभयो । उहाँको स्वकिय सचिव बन्नका लागि भनसुन गराउन थाल्नुभयो । स्रोतका अनुसार, विदेशमा रहेका सुरेन्द्र महतो, विरेन्द्र महतोका श्रीमती समता महतोबाट समेत विरेन्द्र महतोलाई स्वकीय सचिवका लागि फोन गर्न लगाउनुभएको थियो । रुकेशलाई आफ्नो सचिवालयमा राख्ने इच्छा विरेन्द्र महतोको थिएन । तर घरकै सदस्यबाट पटक पटक दबाव आएपछि उहाँले राख्न तयार हुनुभएको स्रोतको दावी छ । र, यसरी विरेन्द्र महतोको स्वीकय सचिवदेखि किचनसम्म रुकेश साहले आफ्नो पहुँच बनाउन सफल हुनुभयो ।

**बाहिर...**

बढ्नुपर्ने गृहकार्यमा लाग्नुभएको थियो । समाजवादी मोर्चाका लागि गृहकार्य हुँदा एकताकै लागि पनि चर्चा भएको थियो । त्यसका लागि बाबुराम भट्टराईबाहेकका तीनवटै दलले आआफ्नो पार्टीमा कार्यदल पनि गठन गरेका थिए । एकताका लागि तीनवटै दलको बीचमा प्रयास पनि भयो । हुन त बाबुराम नेतृत्वको नेसपा र माओवादी पार्टीबीच एकताका लागि पनि प्रयास भएको थियो । तर त्यो सफल हुन सकिरहेको छैन । समाजवादी मोर्चामा पनि बाबुरामलाई ल्याउने प्रयास भएको हो तर जसपाका अध्यक्ष उपेन्द्र यादवको कारण त्यो सम्भव नभएको माओवादीका अध्यक्ष प्रचण्डले नै यो कुरा बाहिर ल्याउनु भएको थियो ।

माओवादी, जसपा र नेकपा (एस) बीच एकताका लागि प्रयास भएपनि तत्कालका लागि कुरा नमिलेपछि समाजवादी मोर्चा बनाएर नै अघि बढ्ने र एकताका लागि प्रारुप तयार गर्दै जाने आन्तरिक सहमति गरेको छ । मोर्चामार्फत एकीकृत पार्टीको अभ्यास गर्दै जाने, सबै समितिहरु बनाउँदै जाने र एकीकृत अभ्यास सफल भएपछि पार्टी एकतामै जाने मोर्चामा आवद्ध दलहरुको बीचमा एउटा सहमति भएको स्रोतले दावी गरेको छ ।

तर मोर्चामा आवद्ध दल जसपाका वरिष्ठ नेता राजेन्द्र श्रेष्ठले बीबीसीसँग भन्नुभयो, 'हालसम्म त्यस्तो परिकल्पना गरिएको छैन, समाजवादी मोर्चामा हामीले वैचारिक राजनीतिक रूपमा हाम्रा प्रतिबद्धता के के छन्, नीतिगत सवालहरूलाई १५ बुँदामा क्लियर (स्पष्ट) गरेर मोर्चाको संगठनात्मकक ढाँचा कस्तो हुन्छ भन्ने एउटा समझदारी गरेका छौं, त्यसबाहेक अरु केही परिकल्पना गरिएका छैनौं ।'


## डेंगीबाट बच्ने उपायहरू:

- बिहान, दिउँसो तथा साँझको समयमा लामखुट्टेको टोकाईबाट डेंगी लाग्न सक्दछ ।
- लामखुट्टेबाट बच्न पूरै शरिर ढाक्ने लुगा लगाऔं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको *भाँडालाई छोपेर* राखौं ।
- दिउँसो पनि लामखुट्टे भगाउने धूप बालौं र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं ।
- अध्याँरा कुना–काप्चामा किटनाशक औषधि छर्कने गरौं ।
- कम्तीमा हप्ताको एक पटक एयर कुलर, पानी ट्यांकी, फूलदानी, गमलामा राखिएका प्लेटहरु राम्ररी सफा गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड





**प्रकाशक** : लाली यादव, **सम्पादक** : सुनैनाकुमारी यादव, **मधेश प्रदेशका संयोजक** : भोला यादव, **कार्यालय** : कोटेश्वर, काठमाडौं, **फोन नं**. : ९८४१४५८८०३, PAN : 609502305, Email : saharatimes.com.np@gmail.com, Web : www.saharatimes.com.np **ले-आउट** : सहारा टाइम्स डेस्कटप, **मुद्रण** : पारू अफसेट प्रेस, डिल्लीबजार